राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिक रूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्ययी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ९१ | काठमाडौं | सोमबार, ७ साउन २०८१ | Prabhab National Daily | Monday, July 22, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


विवादमा उपसभामुख राना

## संसद्मै लगाइयो मानव तस्करीको आरोप

- कांग्रेस-एमाले सांसदहरूद्वारा उपसभामुख इन्दिरा रानामाथि मानव तस्करीको गम्भीर आरोप
- रानाको बचाउमा माओवादी र रास्वपा सांसदहरु



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगरमाथि मानव तस्करको गम्भीर आरोप लागेको छ । अमेरिकी राजदूतावासलाई उनले लेखेको एउटा विवादित बनेको चिठीबारे संसद्मा कांग्रेस र एमालेका सांसदहरूले धारणा राख्दै उपसभामुख रानामाथि मानव तस्करीको आरोप लगाएका हुन् ।

बैठकको सुरुमै राज्य व्यवस्था समितिका सभापतिसमेत रहेका कांग्रेस सांसद रामहरि खतिवडाले उपसभामुखले गरेको काम मानव तस्करीसँग सम्बन्धित भएको बताए । 'मैले केही दिनअघि एउटा पत्र प्राप्त गरें । २६ फेब्रुअरी २०२३ मा उपसभामुखको नाउँबाट संसद्बाट एउटा चिठी लेखिएको रहेछ,' उनले आइतबार संसद् बैठकमा भने, 'संसद्सँग कुनै साइनो नभएका पाँचजना मान्छे, मानव तस्करले प्रयोग गरेर अमेरिका भिसाको अन्तर्वार्ताका लागि प्रयोग गरिएको पत्र हामीसँग प्राप्त भयो ।' उनले उपसभामुखमाथि संसद् सञ्चालनबारे पनि प्रश्न गरे ।

'यस्तो अवस्थामा उपसभामुखले अब संसद्को कमाण्ड गर्न सुहाउँछ कि सुहाउँदैन ?,' खतिवडाले प्रश्न गरे । यस विषयले संसद्को मात्रै नभई देशको पनि अपमान भएको भन्दै खतिवडाले उपसभामुख रानामाथि छानबिनको माग गरे । उनले पदबाट राजीनामा दिएर छानबिनका लागि सहयोग गर्नुपर्ने बताए । 'यो भिसा सहजीकरणको कन्सल्टेन्सी उपसभामुखको कार्यालय र संसद् हुन सक्दैन,' उनले भने, 'यसलाई कन्सल्टेन्सीजस्तो नबनाइयोस् र उपसभामुखले बाहिर बसेर सहयोग गर्दा राम्रो ।'

एमाले सांसद दामोदर पौडेलले उपसभामुखले भिसा समय अगाडि सारिदिन अनुरोध गर्दै अमेरिकी दूतावासलाई लेखेको पत्र र उनले निकालेको विज्ञप्तिले मानव तस्करी गरेको प्रमाणित हुने ठोकुवा गरे । 'मिडिया ट्रायल हो कि के हो, पत्र आफैं बोल्छ । पत्रमात्रै बोल्दैन, पत्र सँगसँगै स्वयं उपसभामुखको विज्ञप्ति पनि बोल्छ । मैले मानव तस्करी गरेको हो भन्ने बोल्छ त्यो पत्रले,' पौडेलले भने ।

त्यसपछि भने माओवादी, रास्वपालगायत विपक्षी दलका सांसदहरू उपसभामुख रानाको बचाउमा उत्रिए । माओवादी सांसद माधव सापकोटाले संवैधानिक परिषद्मा अल्पमतमा परेपछि उपसभामुखको विवाद झिकिएको तर्क गरे ।

(क्रमशः पृष्ठ २ मा)

# ओलीलाई दुईतिहाइको भार

- प्रधानमन्त्री ओलीलाई दुईतिहाइ सांसद (१८८ जना) को विश्वास
- ओलीको विपक्षमा ७४ र तटस्थ एक सांसद
- चौथोपटक प्रधानमन्त्री भएका ओलीको सरकार विश्वासको मत पाएसँगै निरन्तरता



■ जेबी योञ्जन

**काठमाडौं–** प्रतिनिधिसभाका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले नेतृत्वको गठबन्धन सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले दुईतिहाइ विश्वासको मत प्राप्त गरेका छन् । आइतबार प्रतिनिसभा बैठकमा विश्वासको मतका लागि पेस गरेको प्रस्तावमा उनलाई १८८ सांसदले विश्वासको मत दिएका हुन् ।

कूल २७५ सदस्यीय प्रतिनिधिभामा दुईतिहाइ बहुमतका लागि १८४ सांसदको समर्थन आवश्यक थियो । आइतबार ओलीको विपक्षमा ७४ मतमात्रै पऱ्यो । संसद् बैठकमा २६३ जना सांसदमात्र उपस्थित भएका थिए । यसअघिको सरकारका प्रधानमन्त्री पुष्पकमल दाहालले संसद्मा विश्वासको मत पाउन नसकेपछि गत ३० असारमा ओली प्रधानमन्त्रीमा नियुक्त भएका थिए । संवैधानिक प्रावधानअनुसार प्रधानमन्त्री बनेको ३० दिनभित्रमा विश्वासको मत लिनुपर्छ । तर, ओलीले एक सातामै विश्वासको मत लिए ।

उनलाई संसद्मा कांग्रेस र उनको दल एमालेसँगै जनता समाजवादी पार्टी (जसपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)र नागरिक उन्मुक्ति पार्टीका सांसदहरूले विश्वासको मत दिए । संसद्को तेस्रो ठूलो शक्ति नेकपा माओवादी केन्द्र, चौथो शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), पाँचौं शक्ति राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), छैटौं ठूलो दल नेकपा एकीकृत समाजवादी पार्टीले ओलीलाई विश्वासको मत दिएनन् ।

प्रतिनिधिसभामा समान एक-एक सांसद रहेका राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी र आम जनता पार्टीका सांसद प्रभु साहले पनि ओलीलाई विश्वासको मत दिएनन् । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल भने तटस्थ बसे । उनी जहिल्यै प्रधानमन्त्रीलाई विश्वासको मत दिने निर्णयमा तटस्थ बस्दै आएका छन् । यसअघि दाहालले संसद्मा विश्वासको मत परीक्षण गर्दा विपक्षमा मत दिएका अधिकांश दलहरूले आइतबार ओलीलाई विश्वासको मत दिएका हुन् ।

(क्रमशः पृष्ठ २ मा)

### अझै कानुनी चुनौती

प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत पाए पनि अदालतमा प्रधानमन्त्रीमा उनको नियुक्तिलाई लिएर कानुनी चुनौती थपिएको छ । उनको नियुक्तिलाई लिएर सर्वोच्च अदालतमा मुद्दा परेको र आइतबार संवैधानिक इजलासबाट टुंगो लगाउनुपर्ने निर्णय न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासबाट भएको छ ।

अधिवक्ताहरू दिपक अधिकारी, कीर्तिनाथ शर्मा पौडेल र विजय हमालले दायर गरेका तीनवटा बेग्लाबेग्लै रिट निवेदनलाई एकैसाथ पेस गरिएकोमा अदालतले त्यस्तो आदेश दिएको अदालतका प्रवक्ता वेदप्रसाद उप्रेतीले बताए । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्रीमा एमाले अध्यक्ष ओलीलाई गरेको नियुक्ति संविधानविपरीत भएको उल्लेख गर्दै सर्वोच्चमा रिट निवेदन परेका हुन् । ती रिट निवेदनमा संसद् सचिवालय र राष्ट्रपति कार्यालयलाई विपक्षी बनाइएको छ ।

### बागमतीका मुख्यमन्त्री जम्कट्टेलको राजीनामा

## मुख्यमन्त्रीमा दाबी पेस गर्दै लामा

बागमती प्रदेशको मुख्यमन्त्रीका लागि नेपाली कांग्रेस बागमती संसदीय दलका नेता बहादुरसिंह लामाले दाबी पेस गर्ने भए छन् । कांग्रेस र नेकपा एमालेको समर्थनमा लामाले आज दाबी पेस गर्ने सांसद कुन्दनराज काफ्लेले बताए । उनका अनुसार लामाले आजै बिहान १० बजे मुख्यमन्त्रीको दाबी पेस गर्ने भएका हुन् ।

झण्डै १९ महिना मुख्यमन्त्री भएका माओवादी नेता शालिकराम जम्कट्टेलले आइतबार राजीनामा दिएका थिए । यसपछि कांग्रेस-एमाले सरकार गठन गर्ने कसरतमा छन् । जम्कट्टेलको राजीनामापछि प्रदेश प्रमुख यादवचन्द्र शर्माले नयाँ सरकार गठनका लागि आह्वान गरिसकेका छन् ।

सरकार गठनका लागि दाबी पेस गर्ने समय साउन ८ गते साँझ ५ बजेसम्म छ । उक्त समय अगावै लामाले संविधानको धारा १६८ को उपधारा (२) अनुसार नै सरकार गठनका लागि दाबी पेस गर्ने भएका हुन् । यद्यपि, कांग्रेस-एमालेबीच मन्त्रालय भागबण्डा मिलेको छैन ।

**सन्दर्भः वैदेशिक रोजगार**

इजरायलमा रोजगारी

## ठगी गर्ने गिरोहबाट बच्न विभागको आग्रह




■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर) पठाउन आवेदन आह्वान गरेसँगै ठगी गर्ने गिरोह सक्रिय भएकोप्रति सचेत गराएको छ । इजरायलमा कामदार पठाइदिने भनी विभिन्न निकाय तथा व्यक्तिहरूले अनधिकृतरूपमा रकम असुली गरेको भन्ने जानकारी प्राप्त भएको जनाउँदै विभागले यसतर्फ सजग हुन आग्रह गरेको छ ।

विभागका महानिर्देशक डण्डुराज घिमिरेले एक विज्ञप्ति जारी गर्दै इजरायलमा कामदार पठाउने प्रक्रिया जिटुजी (सरकार-सरकारबीच) अन्तर्गत पर्ने भएकाले छनोट प्रक्रिया निष्पक्ष र पारदर्शी हुने उल्लेख गरे । अनधिकृतरूपमा रकम संकलन भइरहेको जानकारी प्राप्त भएकाले गम्भीर ध्यानाकर्षण भएको उनले बताएका छन् । इजरायल पठाउने कामदारको छनोट प्रक्रियाबारे कतिपय व्यक्ति तथा समूहबाट सञ्चार माध्यममार्फत भ्रामक सूचना सार्वजनिक गरिरहेको पाइएको भन्दै विभागले त्यस्ता गलत र भ्रामक कार्यमा संलग्न नहुन चेतावनी दिएको छ । साथै, विभागको आधिकारिक सूचनालाई मात्र आधार मान्नसमेत आग्रह गरेको छ ।

रोजगारीको प्रलोभन देखाएर विभिन्न व्यक्ति तथा समूहबाट देखाइएको प्रलोभनमा नपर्न विभागले सबैमा अनुरोध गरेको छ । इजरायलमा केयरगिभरका लागि ५०० मुख्य र ३०० वैकल्पिक गरी ८०० जनाको माग आएको गत असार ११ गते विभागद्वारा प्रकाशित विज्ञापनमा उल्लेख छ । विभागले इच्छुकहरूबाट आवेदन माग गरेको थियो ।

प्राप्त सूचनाको आधारमा यस किसिमका ठगी र गलत प्रचारका सम्बन्धमा सूक्ष्मरूपमा अनुसन्धान गरिरहेकोले विभागले जनाएको छ । साथै, यस्ता कार्यहरू भए गरेको जानकारी भएमा जोसुकैले पनि कल सेन्टरलगायत विभागमा सूचना प्रवाह गरी सहयोग पुऱ्याउन पनि विभागले आग्रह गरेको छ । यसअघि असार १३ गते इजरायलमा जान इच्छुक कामदारको आह्वान गरेलगत्तै विभागले गैरकानुनीरूपमा प्रलोभनमा पारी रकम ठगी गर्ने गिरोह सक्रिय भएको भन्दै सचेतता अपनाउन आग्रह गरेको थियो । विभागले केयर गिभरका लागि माग गरेको आवेदन यही साउन ११ गतेसम्म दिन सकिने उल्लेख गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

## महानिर्देशक घिमिरेलाई लोकतान्त्रिक एसोसिएसनको ज्ञापनपत्र



**काठमाडौं (प्रस)–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले विभिन्न तीन बुँदे समस्या सम्बोधनको माग गर्दै वैदेशिक रोजगार विभागका महानिर्देशक डण्डुराज घिमिरेलाई ज्ञापनपत्र बुझाएको छ । वैदेशिक रोजगार व्यवसायीहरूले भोग्नुपरेको समस्या समाधानका लागि सहजीकरण गरिदिन आग्रह गर्दै महानिर्देशक घिमिरेलाई आइतबार ज्ञापनपत्र बुझाइएको हो ।

ज्ञापनपत्रमा आर्थिक वर्ष २०८०/८१ भित्रमा १०० जना कामदार वैदेशिक रोजगारीमा पठाउन नसकेका २५० भन्दा बढी म्यानपावर कम्पनीको फेइम्स प्रणालीमा डिएक्टिभ स्टाटस भएका कारण असार मसान्तदेखि नै कामदारले पाउनुपर्ने श्रम स्वीकृति नपाएकोप्रति ध्यानाकर्षण गराइएको छ । व्यवसायीको काम कारोबार ठप्प रहेकोले भिसा प्राप्त भएर बसेका कामदार र रोजगारदातामासमेत नकारात्मक असर पर्न गएको बताइएको छ ।

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ६ को उपनियम ४ अनुसार कुनै पनि कारणले असार मसान्तभित्रमा इजाजतपत्र नवीकरण नभएको अवस्थामा अतिरिक्त दस्तुर बुझाइ असोज मसान्तसम्म पनि इजाजतपत्र नवीकरण गर्न पाउने व्यवस्था भएकाले सहजीकरण गरिदिन महानिर्देशकसमक्ष लोकतान्त्रिक एसोसिएसनले आग्रह गरेको छ।

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## ओलीलाई...

विश्वासको मत दिने कांग्रेसका ८८ मध्ये ८४ जना, एमालेका ७८ मध्ये ७७ जना, जसपाका सात जना, जनमतका छ जना, जसपा नेपालका पाँच जना, लोसपाका चार जना र नागरिक उन्मुक्तिका चार जना रहेका छन् । स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहले पनि विश्वासको मत दिए। विश्वासको मत नदिनेमा माओवादीका ३२ जना, राष्ट्रिय स्वतन्त्र पार्टीका २१ जना, राप्रपाका १४ जना, एकीकृत समाजवादीका १० जना र जनमोर्चासँगै आजपाका एक जना सांसदले विश्वासको मत नदिएका हुन् ।

गत असार ३१ गते संविधानको धारा ७६ (२) अनुसार ओली प्रधानमन्त्री नियुक्त भएका भएका थिए । उनले आइतबार ७६ (४) अनुसार प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न प्रस्ताव पेस गरेका थिए । जुन प्रस्तावअनुसार ओलीले दुईतिहाइ समर्थन प्राप्त गरेका हुन्। यससँगै ओली सरकारले निरन्तरता पाएको छ ।

गत १७ असारमा कांग्रेस र एमालेबीच सरकार सञ्चालनका लागि गठबन्धन गर्ने सहमति भएपछि चौथो कार्यकालका लागि ओलीलाई प्रधानमन्त्री बन्ने बाटो खुला भएको थियो । उनी २४ असोज २०७२ मा पहिलोपटक प्रधानमन्त्री भएका थिए। उनको पहिलो कार्यकाल नौ महिनाको थियो। ९ साउन २०७३ मा राजीनामा दिएसँगै उनको कार्यकाल सकिएको थियो। तर, उनले अर्को सरकार गठन नहुँदा (साउन १९) सम्म प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेका थिए ।

यसपछि २०७४ मा एमाले र माओवादीले प्रतिनिधिसभा र प्रदेशसभामा चुनावी गठबन्धन गरेका थिए। उक्त निर्वाचनबाट कम्युनिस्ट गठबन्धनले प्रतिनिधिसभामा झन्डै दुईतिहाइ सिट प्राप्त गर्‍यो र अन्ततः पार्टी एकता गरेर नेकपा बन्यो । जुन पार्टीका अध्यक्षसमेत रहेका ओली दोस्रोपटक प्रधानमन्त्री बनेका थिए। ३ फागुन २०७४ मा उनी दोस्रोपटक प्रधानमन्त्री भएका थिए । यसपछि भने ओली २७ वैशाख २०७८ मा विश्वासको मत नपाएसँगै संविधानको धारा ७६ को उपधारा (३) अनुसार पनि प्रधानमन्त्री बनेका थिए । यसपटक चौथो कार्यकाल सुरु गरेका ओलीले आइतबार भने दुईतिहाइभन्दा बढी विश्वासको मत पाएका हुन् ।

उनले विश्वासको मतसम्बन्धी प्रस्ताव राख्दा भने विपक्षी दलका नेताहरू संसद्मा आक्रोषित देखिएका थिए। त्यसमध्येका एक जना नेता माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले माओवादी अध्यक्ष दाहाल नेतृत्वको सरकारले भ्रष्टाचारका फाइलहरू खोल्न सुरु गरेपछि गठबन्धन भत्किएको आरोप लगाएका थिए । 'नक्कली भुटानी शरणार्थीदेखि गिरीबन्धु टी स्टेटसम्मका कुराहरू उठ्दै गर्दा नेपाली कांग्रेसका महामन्त्रीहरूले हाम्रा एजेन्डा छोड्दैनौं भनिरहनुभएको छ, त्यस कारणले निश्चय पनि कांग्रेसलाई प्रश्न हुन्छ,' पुनले भने।

उनले प्रधानमन्त्री ओलीसमेत मुछिएको झापाको गिरिबन्धु काण्डबारे पनि जवाफ माग गरे । जनता जवाफको अपेक्षामा रहेको भन्दै पुनले भने, 'हिजो प्रतिपक्षमा हुँदा यही सदनमा गिरीबन्धु भन्ने अब के हुन्छ नेपाली जनताले यसमा सही जवाफको अपेक्षा गरेका छन् ।' ओलीले संसद्मा जनाएका आर्थिक समृद्धिका वाचा भाषणमा मात्रै सीमित हुने पुनले टिप्पणी गरे। 'किनभने त्यसलाई कार्यक्रमले बजेटले समर्थन गर्नुपर्ने हुन्छ नभए जनतालाई झुक्याउने मात्रै हुन्छ । चार-चारपटक प्रधानमन्त्री भइसकेका तपाईंले जनतालाई झुक्याउन पाउनुहुन्न,' ओलीलाई पुनले सचेत गराए ।

संसद् बैठकमै रास्वपाका सभापति रवि लामिछानेले ओली नेतृत्वको सरकारमा विवादित मन्त्रीहरू रहेको आरोप लगाए । उनले सरकारलाई घुमाउरो शैलीमा 'काण्डे सरकार' भन्न भ्याए । 'जहाँ-जहाँ हामीले विषय उठायौं त्यहाँ-त्यहाँ पुरस्कार देखियो,' लामिछानेले भने, 'नक्कली भुटानी शरणार्थीको विषयमा पुनः अनुसन्धान सुरु भयो, मन्त्रीमण्डलमा को गयो ? संसद् र देशलाई थाहा छ। हामीले बाल मन्दिरको विषय उठायौं त्यहाँ पनि पुरस्कार ।'

उनले लैनचौरमा रहेको नेपाल स्काउटको जग्गा अनधिकृत प्रयोगको आरोपमा छानबिन भइरहेका नेता (ऊर्जामन्त्री दीपक खड्का)लाई पनि ओलीले मन्त्री बनाएको आरोप लगाए। रास्वपा गुण र दोषका आधारमा प्रतिपक्ष भएर बस्ने उनको भनाइ थियो । तर, कांग्रेस र एमालेबीच भएको सातबुँदे सहमति आलोपालो सरकारको नेतृत्व गर्नेबारे उल्लेख रहेको चौथो बुँदामा मात्रै केन्द्रित हुने आशंका आफूहरूलाई रहेको लामिछानेले बताए ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले संविधान संशोधनबारे गठबन्धनले गरेको सहमति गोप्य राखिएका कारण संशय उत्पन्न भएको बताए । 'मधेसमा त संघीयता र समावेशिताको अधिकार कटौती हुने कुनै पनि संशोधन भए प्रतिकार गर्ने भनेर दलहरू एक भइसकेका छन् । फेरि मधेसी मोर्चा गठन भइसकेको छ,' नेपालले भने । उनले जनतामा देखिएको आक्रोश, अशान्ति, असन्तुष्टि सम्बोधन गर्न गठबन्धन सक्षम हुनेमा आशंका व्यक्त गरे ।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले कांग्रेस-एमाले गठबन्धन पनि विगतका सत्ता गठबन्धनहरूको निरन्तरता मात्रै भएको बताए । 'प्रधानमन्त्रीले जे-जे कुराहरू भन्नुभयो त्यसले तात्विक परिवर्तन हुने र विकृतिहरूको अन्त्य हुने कुनै सम्भावनाहरू देखिँदैन,' उनले भने। देशमा रहेका अधिकांश विकृति कांग्रेस-एमालेकै कारण सिर्जना भएको उनले गम्भीर आरोप लगाए। त्यही भएर दुई दल नसच्चिएसम्म देशमा समृद्धि नहुने उनले ठोकुवा गरे ।

बैठकमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले नयाँ गठबन्धनले आवश्यकताका आधारमा संविधान संशोधन नगर्ने दाबी गरे । आम जनता पार्टीका सांसद प्रभु साहले पनि कांग्रेस र एमालेको गठबन्धनलाई जनताले विश्वास नगर्ने बताए ।

बैठकमा उठेका प्रश्नहरूको जवाफ दिँदै प्रधानमन्त्री ओलीले सबै दललाई एकै ठाउँमा ल्याएर संविधान संशोधन गर्न सरकारले प्रयत्न गर्ने बताए । 'देश र जनताको हितको पक्षमा, अग्रगमनको पक्षमा, संविधान संशोधन गरेर अझ अग्रगमनकारी बनाउने हिसाबले लोकतन्त्रको संवर्द्धन र विकास र सुशासन दिने हिसाबले संविधान संशोधन हुन्छ त्यो भन्दा अन्यथा हुँदैन,' ओलीले भने । उनले आफू नेतृत्वको सरकार भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अपनाउने पक्षमा रहेको दाबी गरे ।

उनले विपक्षी दलहरूले उठाएको गिरीबन्धु टी स्टेटको जग्गा अपचलनको आरोपबारे पनि संसद्मा जवाफ दिए। हदबन्दीभन्दा बढी रहेको जग्गा सट्टापट्टा र बेचबिखन गर्ने काम त्यसअघि पनि भइरहेको दाबी गर्दै उनले कानुनविना भइरहेको कामलाई आफूले कानुनी दायरामा ल्याएको तर्क गरे । 'कानुनविना कारोबार हुने गरेको थियो । म प्रधानमन्त्री हुँदा कानुन बन्यो। तर त्यसअनुसार कारोबार भएको छैन । त्यसकारण यो होहल्ला केको लागि ?,' ओलीले आक्रोश पोखे ।

● ● ●

## संसद्मै लगाइयो..

उनले भने, 'संवैधानिक परिषद्मा तपाईंहरू अल्पमतमा पर्नुभयो भनेर जुन उद्देश्यका साथ यसलाई हाइलाइट गरिएको छ, यदि साँच्चै त्यो कुरा हो भने मान्छेका आफ्नो अधिकारप्रति, मान्छेको चरित्र हत्या गर्नेप्रति यो संसद्ले पनि न्याय गर्नुपर्दछ ।' उनले राजनीतिक र नैतिक प्रश्नका बारेमा संसद्मा छलफल गर्न सकिने तर संवैधानिक परिषद्मा रातारात सत्तापक्षले अनुकूल निर्णय गर्ने उद्देश्यका लागि उपसभामुखमाथि प्रश्न उठाइएको भए प्रतिवाद गर्ने चेतावनी दिए ।

रास्वपा सांसद सुमना श्रेष्ठले उपसभामुख रानाको नामबाट मिडिया ट्रायल भइरहेको भन्दै आपत्ति जनाइन् । श्रेष्ठले भनिन्, 'उपसभामुख इन्दिरा राना मगरको नामबाट जुन मिडिया ट्रायल भइरहेको छ, यसमा म घोर आपत्ति जनाउन चाहन्छु । यदि साँच्चै नै गर्ने हो भने पहिला बुझौं, यो पद्धति बनाउने हो भने यहीं सभामा छ नि हैन ?' उनले कांग्रेस र एमालेका सांसदहरूले विगतमा सदन र सडकबाट एउटा अमुक मान्छेलाई भिसा चाहियो भनेर पुत्ला जलाउँदै आमसभा गरेको स्मरण गराइन् । उनले भुटानी शरणार्थी काण्डसँग तुलना गर्दै खासमा मानव तस्कर को हो भनेर सदनमा प्रश्न उठाइन् ।

गत २६ फेब्रुअरी २०२३ (२०७९ को फागुन १४) मा उपसभामुखको लेटरप्याडमा उपेन्द्र गौतम, सुष्मा लामा, राजेश लामा, सुजन घर्ती मगर र धनप्रसाद गुरुङको भिसाका लागि अन्तर्वार्ताको मिति सारिदिन काठमाडौंस्थित अमेरिकी दूतावासलाई लेखेको पत्र केही दिनअघि सार्वजनिक भएको थियो । यसपछि उपसभामुख राना विवादमा तानिएकी हुन् ।

आफूमाथि प्रश्न उठेपछि उपसभामुख रानाले विज्ञप्ति निकालेर पदीय दुरूपयोग नगरेको स्पष्टीकरण दिँदै आफूमा करुणा जागेकाले अन्तर्वार्ता मितिमात्रै सार्न अनुरोध गरेको बताएकी छन् ।

● ● ●

## ठगी गर्ने...

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा बच्चा, युवा तथा ६५ वर्ष ननाघेका गम्भीर अपांगता भएका व्यक्तिको हेरचाह तथा स्याहार गर्न नेपालबाट केयर गिभर माग भएको विभागले जनाएको छ । रोजगारीका लागि आकर्षक गन्तव्य मानिएको इजरायलमा केयर गिभरमा छनोट हुनेले मासिक पाँच हजार ८८० सेकेल इजरायली मुद्रा अर्थात् दुई लाख १० हजार रूपैयाँभन्दा बढी पारिश्रमिक पाउने छन् । छनोटमा परेका कामदारको करार अवधि सुरुमा एक वर्ष र बढीमा पाँच वर्ष थप हुने विभागले जनाएको छ । यसअघि पनि नेपालबाट केयर गिभरमा काम गर्न झण्डै १२ सय नेपाली इजरायल गइसकेको विभागको तथ्यांकले देखाएको छ ।

● ● ●

## महानिर्देशक...

यद्यपि एक आर्थिक वर्षमा १०० जना कामदार वैदेशिक रोजगारीमा पठाएको प्रमाण पेस गरेर मात्र इजाजतपत्र नवीकरण हुने बाध्यकारी व्यवस्था रहेकोमा विगत पाँच वर्षदेखि सोही ऐनको दफा ८२ अनुसार बाधा अड्काउ फुकाउमार्फत १०० संख्या पुऱ्याउन नसकेका म्यानपावरहरूको सरकारले नवीकरण गर्दै आएको छ ।

त्यसैगरी जापान इन्टरनेसनल ट्रेनिङ को-अपरेसन अर्गनाइजेसन (जिटको)मा नवीकरण वा नयाँ सूचीकृत हुन सूचना प्रकाशन भएकोले १०० संख्या अपुग भई इजाजतपत्र नवीकरण हुन बाँकी भएका म्यानपावर कम्पनीलाईसमेत नवीकरण र सुचिकृत हुने व्यवस्था मिलाइदिन पनि एशोसियसनले विभागसँग आग्रह गरेको छ । यस्तै १०० संख्या पठाउनुपर्ने व्यवस्था पूरा गरेका म्यानपावर कम्पनीहरूको सहजरूपमा यथासक्य इजाजतपत्र नवीकरण गराइदिन पनि माग गरिएको छ ।

लोकतान्त्रिक एसोसिएसनले १०० संख्या समाधान समिति गठन गरी सोही समितिमार्फत विभागसँग समन्वय गर्ने र ज्ञापनपत्र बुझाउने काम गरेको हो। समितिका संयोजक एसोसियनका प्रथम उपाध्यक्ष विनोदजंग केसी र सदस्यसचिवमा एसोसियनका महासचिव महेश बस्नेत रहेका छन् ।

'हामीले राखेका तीनबुँदे मागमा दुईवटा बुँदा सम्बोधन गर्न विभाग तयार रहेको महानिर्देशकज्यूले बताउनुभयो,' महासचिव बस्नेतले भने, 'उहाँले १०० संख्या नपुगेका म्यानपावरको नवीकरणमा नीतिगत समस्या भएकाले तत्काल निर्णय गर्न नसकिने भन्दै अन्य विषयमा सहजीकरण गर्न विभाग तत्पर रहेको विश्वास दिलाउनुभएको छ।'


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भेरी अस्पताल

नेपालगन्ज, बाँके

## बोलपत्र सम्बन्धी सूचना

**प्रथम प्रकाशित मितिः २०८१/०४/०६ गते**

यस अस्पतालका लागी चालु आ.व. ०८१/०८२ मा आवश्यक क्याथल्याब,मेडिसिन, सर्जिकल,प्रयोगशाला, मेडिकल अक्सिजन ग्यास, मेडिकलग्रेड लिक्विड अक्सिजन सामग्रीहरू Itemwise रूपमा बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त सप्लायर्स, बिक्रेता तथा व्यवसायीहरूले रितपूर्वकको बोलपत्र तपसिलको शर्तहरू पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र खरिदका लागि तपसिलमा उल्लेखित दस्तुर रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको को.ले.नि.का. बाँके को राजश्व खाता नं. १०००१००२०००१०००० (जम्मा गर्न पठाउने कार्यालयको नाममा भेरी अस्पताल र कार्यालय कोड नं. ३७०००५७०२ तथा राजश्व शिर्षक नं. १४२२९) मा जम्मा गरि सक्कलै भौचर सहित निवेदन दिनु पर्नेछ। साथै, बोलपत्र सम्बन्धी बिस्तृत जानकारी (सूचनाका शर्तहरू) सिलबन्दी बोलपत्रमा संलग्न राखिएको ब्यहोरा जानकारी गराइन्छ।

तपसिल

| सि. नं. | ठेक्का सूचना नं. | विवरण | जमानत रकम | दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खुल्ने दिन |
|---|---|---|---|---|---|---|---|
| १ | BH/NCB/LAB/01/081/82 | Procurement of Laboratory Items | ३६७३०६/- | ५०००/- | २०८१/०५/०३ कार्यालय समय भित्र | २०८१/०५/०४, १२:०० बजेभित्र | २०८१/०५/०४, २:०० बजे |
| २ | BH/NCB/CATH/02/081/082 | Procurement of Cath Lab Items | १७१४१६०/- | ५०००/- | २०८१/०५/०३ कार्यालय समय भित्र | २०८१/०५/०४, १२:०० बजेभित्र | २०८१/०५/०४, २:०० बजे |
| ३ | BH/NCB/SURG/03/081/82 | Procurement of Surgical Items | ५४२९९५/- | ५०००/- | २०८१/०५/०३ कार्यालय समय भित्र | २०८१/०५/०४, १२:०० बजेभित्र | २०८१/०५/०४, २:०० बजे |
| ४ | BH/NCB/MED/04/081/82 | Procurement of Medicines | २८५५६७/- | ५०००/- | २०८१/०५/०३ कार्यालय समय भित्र | २०८१/०५/०४, १२:०० बजेभित्र | २०८१/०५/०४, २:०० बजे |
| ५ | BH/NCB/MGLO/05/081/82 | Procurement of Medical Grade Liquid Oxygen | ३३९५६२./- | ५०००/- | २०८१/०५/०३ कार्यालय समय भित्र | २०८१/०५/०४, १२:०० बजेभित्र | २०८१/०५/०४, २:०० बजे |
| ६ | BH/NCB/MGG/06/081/82 | Procurement of Medical Grade gas | ६२५५३/- | ३०००/- | २०८१/०५/०३ कार्यालय समय भित्र | २०८१/०५/०४, १२:०० बजेभित्र | २०८१/०५/०४, २:०० बजे |

डा. प्रकाश बहादुर थापा
-निमित्त प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट

## लिलाम विक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०४/०७**

यस सा.व.उ.स. बाट संकलित खयर काठ ४०१.६२ क्युफिट (हर्टउड) र साल चिरान काठ ११०.४७ क्युफिट लिलाम विक्री गर्नुपरेकाले सूचीकृत उद्योगहरुलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**देवीस्थान सिमलस्वाँरा सा.वन उपभोक्ता समूह, आँबुखैरेनी- ६, तनहुँ**

## कर्मचारी नरहेका सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **One Stop HR Solutions Pvt.Ltd.** (इजाजत नम्बर १६६०/०८०/०८१) मा कार्यरत निम्न कर्मचारीहरूले यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि. को नाममा वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि काम नगर्न र नगराउनु हुन यस सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मवारी हुने छैन् । साथै कुनै दावी विरोध भएकमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| NAME | POSITION | CITIZENSHIP |
|---|---|---|
| JHARANA B.K | ADMIN | 141002125927 |
| JHECHUN DOLMA LAMA | ADMIN | 262048/363 |
| KAUSHAL PANGENI | MARKETING DIRECTOR | 16-02-76-02165 |
| RESHAM KARKI | MARKETING DIRECTOR | 178626 |
| PRABIN KUMAR DAHAL | MARKETING DIRECTOR | 13611-1810 |

ONE STOP HR SOLUTIONS PVT. LTD.
Pinglashthan-09, Gaushala, Kathmandu, Nepal
Tel: +977-01-5915892, Email: onestophrsolution080@gmail.com,
Web: www.onestophrsolution.comnp

## कम्पनीको नाम परिवर्तन भएको सार्वजनिक सूचना

कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर काठमाण्डौंमा दर्ता मिति २०७६/०१/६ मा दर्ता भएको त्यस कम्पनीको निर्णय बमोजिम मिति २०७८/०८/१४ को निर्णयअनुसार साविक कम्पनी (**जिवन दिप हस्पिटल प्रा.लि.**) मा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (**जिवन ज्योति हस्पिटल प्रा.लि.**) को कम्पनिले सकार्ने व्यहोर्ने र नामका सम्वन्धमा भ्रम सिर्जना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरि **जिवन ज्योती हस्पिटल प्रा.लि.** कायम गरिएको छ।


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**सोमबार, ०७ साउन, २०८१**

| | |
|---|---|
| **मेष** | अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ । |
| **वृष** | व्यस्तताले शरिर कमजोरीको अनुभुति हुने । |
| **मिथुन** | धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ । |
| **कर्कट** | सेवामुलक कामबाट धनलाभ प्राप्त हुने । |
| **सिंह** | मिहिनेतले उपलब्धि हासिल हुने । |
| **कन्या** | बिछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट । |
| **तुला** | आत्माविश्वासको कमीले काममा पछिपरिने । |
| **वृश्चिक** | हडबड गर्नाले काममा बाधा पुग्ने । |
| **धनु** | काममा प्रतिस्पर्धा बढ्न सक्छ । |
| **मकर** | टाढाको यात्राको सम्भावना हुनेछ । |
| **कुम्भ** | स्वास्थ्यमा ध्यान पुर्‍याउनु पर्ने छ । |
| **मीन** | मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**७ साउन**, २०८१ (२२ जुलाई, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.३६ | १३३.९६ |
| युरो | १ को | १४५.२४ | १४५.८९ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.८८ | १७३.६६ |
| स्विस फ्रैन्क | १ को | १४८.९१ | १४९.५८ |
| अस्ट्रेलियन डलर | १ को | ९०.३३ | ९०.७४ |
| क्यानाडियन डलर | १ को | ९७.९१ | ९८.३५ |
| सिँगापुर डलर | १ को | ९९.३३ | ९९.७७ |
| जापानी येन | १० को | ८.३९ | ८.४३ |
| चिनियाँ युआन | १ को | १८.३९ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५६ | ३५.७२ |
| कतारी रियाल | १ को | ३६.५७ | ३६.७४ |
| थाई भाट | १ को | ३.६९ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३१ | ३६.४७ |
| मलेसियन रिङेट | १ को | २८.५६ | २८.६९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६९ | ९.७४ |
| स्विडिस क्रोनर | १ को | १२.६४ | १२.७० |
| डेनिस क्रोनर | १ को | १९.४७ | १९.५५ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१६ |
| कुवेती दिनार | १ को | ४३६.४४ | ४३८.४१ |
| बहराइन दिनार | १ को | ३५३.८० | ३५५.३९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध|लचद|यचन|लउ मा उपलब्ध हुनेछ ।

# बंगलादेशबाट आइतबार ४२० नेपाली विद्यार्थी फर्किए



**काठमाडौं (प्रस)–** बंगलादेशमा जारी रहेको विद्यार्थी आन्दोलनका कारण प्रभावित भएका नेपाली विद्यार्थीहरूमध्ये आइतबार मात्र ४२० जना स्वदेश फर्किएका छन् । आइतबार हवाईमार्गबाट ११५ र बाँकी ३०५ जना काँकडभिट्टा नाका भएर नेपाली विद्यार्थी स्वदेश फर्किएका अध्यागमन विभागका महानिर्देशक कोषहरि निरौलाले जानकारी दिए ।

आइतबार बिहान ११:३० मा ५७ जना नेपाली विद्यार्थी काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका थिए । उनीहरूलाई परराष्ट्र मन्त्रालयका अधिकारीले विमानस्थलमा स्वागत गरेका थिए ।

परराष्ट्र मन्त्रालयले स्वदेश फर्कन चाहने विद्यार्थीको सहजीकरण गरिरहेको छ । मन्त्रालयले बंगलादेशको राजधानी ढाकास्थित नेपाली दूतावासका अधिकारीहरूलाई नेपाली विद्यार्थीको सुरक्षित वातावरण तथा नेपाल फर्कन चाहनेका लागि आवश्यक समन्वय गर्न निर्देशन दिएको छ ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले बंगलादेशमा विकसित पछिल्लो घटनाक्रमका कारण समस्यामा परेका नेपाली विद्यार्थीको सहयोगका लागि मन्त्रालयमा 'हेल्प डेस्क' स्थापना गर्न लगाउनाका साथै ढाकास्थित नेपाली दूतावाससँग आवश्यक समन्वय गर्न निर्देशन दिएकी छन् ।

परराष्ट्रमन्त्री डा राणा आफैंले ढाकास्थित नेपाली दूतावाससँग निरन्तर सम्पर्कमा रही त्यहाँ रहेका नेपाली विद्यार्थी एवं अन्य नेपाली नागरिक कुनै समस्यामा परेका भए उनीहरूलाई सहजताका लागि समन्वय गर्न र स्वदेश आउन चाहनेहरूका लागि आवश्यक वातावरण मिलाउन पनि उनले निर्देशन दिएकी छन् ।

परराष्ट्र मन्त्रालयले शनिबार नै एक सूचना जारी गरी त्यहाँ रहेका विद्यार्थीको सहजताका लागि आवश्यक सम्पर्क व्यक्तिसहित हेल्प डेस्कको व्यवस्था गरिएको जनाएको थियो । मन्त्रालयले समस्यामा परेका विद्यार्थी तथा अभिभावक एवं आफन्तका लागि आवश्यक जानकारी, सहयोग र सहजीकरणका लागि इमेल वा फोन नम्बरमा सम्पर्क गर्न एवं अनलाइन फाराम भर्न अनुरोध गरेको छ ।

# दैनिक ९७ सडक दुर्घटना
## औसतमा सातको मृत्यु, ८८ घाइते

**काठमाडौं–** नेपालमा प्रत्येक दिन औसत ९७ वटा सानाठूला सवारी दुर्घटना हुने गरेका छन् । ती दुर्घटनामा परी दैनिक औसत सात जनाले ज्यान गुमाउने तथा ८८ जना घाइते हुने गरेका छन् ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार गत वर्षमात्रै ३५ हजार ४०४ वटा सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा परी दुई हजार ३६८ जनाको मृत्यु भएको छ भने छ हजार १६० गम्भीर र २५ हजार ९९६ जना साधारण घाइते भएका छन् । सवारी दुर्घटनामा १०१ चौपायासमेत मरेका छन् ।

सबैभन्दा बढी दुई पांग्रे सवारी बढी दुर्घटनामा पर्ने गरेको प्रहरीको तथ्यांक छ । गत वर्ष १९ हजार ९८४ मोटरसाइकल/स्कुटर, छ हजार ८३७ कार/जिप, दुई हजार १९३ बस, एक हजार ५२० साइकल/रिक्सा, एक हजार ४६८ ट्रक/ट्यांकर, एक हजार ४७४ टेम्पो/म्याजिक, ७८३ ट्र्याक्टर र ४०० माइक्रोबस दुर्घटना भएका थिए ।




### एक अर्ब ७५ करोड ट्राफिक राजस्व

ट्राफिक प्रहरीले गत वर्ष २२ लाख ९१ हजार ८१७ वटा कारबाहीमा एक अर्ब ७५ करोड ८१ लाख ८६ हजार रूपैयाँ राजस्व संकलन गरेको छ । गत वर्ष २४ लाख वटा ट्राफिक कारबाहीमा एक अर्ब ८८ करोड रूपैयाँ राजस्व संकलन भएको थियो ।

### १७०० प्रहरीमाथि कारबाही

प्रहरीले संगठनको आचरणविपरीत काम गर्ने एक हजार ७०१ प्रहरी कर्मचारीलाई कारबाही गरेको छ । कारबाहीमा पर्ने सबैभन्दा बढी प्रहरी जवान छन् । गतवर्ष तीन प्रहरी वरिष्ठ उपरीक्षक, एक प्रहरी उपरीक्षक, ११ प्रहरी नायब उपरीक्षक, २६ प्रहरी निरीक्षक, १६ प्रहरी वरिष्ठ नायब निरीक्षक, ४८ प्रहरी नायब निरीक्षक, ११८ प्रहरी सहायक निरीक्षक, ६७ प्रहरी वरिष्ठ हवल्दार, २८२ प्रहरी हवल्दार, ३३८ प्रहरी सहायक हवल्दार, ७६४ प्रहरी जवान र २७ प्रहरी कार्यालय सहयोगीलाई कारबाही गरिएको प्रहरी प्रवक्ता कार्कीले जानकारी दिए ।

गत वर्ष प्रहरी अतिरिक्त महानिरीक्षकसहित आठ हजार ८३४ जनालाई पुरस्कृत गरिएको छ । सो वर्ष १२ वरिष्ठ प्रहरी अधिकृत, २३५ कनिष्ठ प्रहरी अधिकृत र ५४५ अन्य दर्जा गरी कूल ७९२ जनाले राजीनामा दिएका छन् भने विभिन्न तहका ५४४ जना अनिवार्य अवकाशमा गएका छन् । *रासस*

# स्रोतमै फोहोर वर्गीकरण गर्न कामपाको आग्रह



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले स्रोतमै फोहोरको वर्गीकरण गरेर व्यवस्थापन गर्न सबैलाई आग्रह गरेको छ । उत्पादन भएका सबै प्रकारका फोहोर अन्तिम व्यवस्थापनस्थल बञ्चरेडाँडा पुर्‍याउँदा उक्त स्थानको आयु घट्ने भन्दै कामपाले स्रोतमै फोहोरको वर्गीकरण गर्ने र कुहिने फोहोरमात्र उक्त स्थानमा लानुपर्ने जनाएको हो ।

कामपा वातावरण व्यवस्थापन विभागका प्रमुख रविनमान श्रेष्ठले भने, 'काठमाडौं उपत्यकाको १८ स्थानीय तहमा उत्पादित सबै फोहोर अन्तिम व्यवस्थापन स्थानमा लैजाने हो भने यसको अवधि १५ वर्षमै सकिने अनुमान गर्न सकिन्छ । त्यसैले यसको प्रयोग लामो समयसम्म गर्नका लागि वर्गीकरण गरिएको फोहोर मात्र लानुपर्छ ।'

स्रोतमै फोहोर वर्गीकरण गर्ने अभ्यास कामपाको ३२ वडामध्ये केही वडामा सुरु भइसकेको छ । साथै कामनपाले अन्य वडामा पनि थालनी गर्न आग्रह गरिसकेको छ । काठमाडौं उपत्यकाबाट हरेक दिन एक हजार २०० मेट्रिक टन फोहोर बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ । वि.सं. २०६८ मा सरकारले जारी गरेको फोहोरमैला व्यवस्थापन ऐन र २०७७ सालमा कामपाले जारी गरेको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनबमोजिम ऐनमा फोहोरलाई स्रोतमै छुटट्याउने दायित्व उत्पादकको हुने व्यवस्था छ ।

'भान्सामा कुहिने र नकुहिने गरी दुई खालका फोहोर निस्कन्छन् । कुहिनेलाई छुट्टै र नकुहिनेलाई छुट्टै भाँडामा राख्नु वर्गीकरण हो । नकुहिने फोहोर उत्पादक आफैंले बेच्न सक्छन् । कुहिने फोहोर आफैंले पनि मल बनाउन सकिन्छ,' विभागका प्रमुख श्रेष्ठले भने ।

तरकारी, बढी भएको खानेकुरा, माछा मासु, अण्डा, चियाको छोक्रा, फलफूलका बोक्रा, खानेकुरा केलाउँदा आएको वस्तु, रुखका पातलगायत कुहिने फोहोर हुन् । त्यस्तै प्लास्टिक, सिसा, कागज, कपडा, जुत्ता, सामान प्याक भएर आएका सामान, काठ, रबर, सेनेटरी प्याड, डाइपर, विषादीको खाली बोटल, नकुहिने फोहोर हुन् ।


**मोटरसाइकल हरायो**

मिति २०८१/०३/२४ गते का.जि. का.न.पा. वडा नं. १४ कुलेश्वरबाट महिला सहकारी संस्था लि. को नाममा दर्ता रहेको बा. प्र. २-०४१ प ९९३० नम्बरको पल्सर 220 C.C. निलो कालो रङ्को मोटरसाईकल कार्यालय परिसरबाटै हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनु होला।
नाम : **महिला सहकारी संस्था लि.**
ठेगाना : कुलेश्वर- १४, काठमाण्डौं।
फोन : 01-5301619, 9841369710
च्या.नं. : MD2A13EX3MCH95670
ई.नं. : DKXCMH29858

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक ९० साउन ०६ गते २०८१ मा प्रकाशित Dailekh Overseas Pvt. Ltd. को Lot No. 297729 को Magnum Security Services कम्पनीको विज्ञापनमा युएईमा वैदेशिक रोजगारको अवसर AED-1352 : Rs.49,240/- हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ।
**दैलेख ओभरसिज प्रा.लि.**

**नागरिक कम्युनिटी टिचिङ्ग हस्पिटल लिमिटेड**
**(कम्पनी ऐन २०६३ बमोजिम स्थापित कम्पनी)**
**भक्तपुर, नेपाल**

**सोह्रौं वार्षिक साधारणसभा सम्बन्धी सुचना**

श्री आदरणिय शेयरधनी महानुभावज्यूहरु, यस कम्पनीको सञ्चालक समितिको मिति २०८१/०४/०३ गतेको बैठकको निर्णय अनुसार यस नागरिक कम्युनिटी टिचिङ्ग हस्पिटल लिमिटेडको सोह्रौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८१/०५/०१ शनिवार (तदनुसार अगष्ट १७,२०२४)
समय : बिहान ११:०० बजे
स्थान : नागरिक कलेज अफ हेल्थ साइन्सको परिसर भित्र, गट्टाघर, भक्तपुर ।

**वार्षिक साधारण सभामा पेश गरिने छलफलका प्रस्तावहरु**
१. अध्यक्षज्यूको मन्तव्य तथा सोह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन माथि छलफल र पारित गर्ने ।
२. कम्पनीको आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्त सम्मको वासलात र आ.व. २०८०/०८१ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।
३. यस कम्पनीको सहायक कम्पनी नागरिक कलेज अफ हेल्थ साईन्स लि.को आ.व. २०८०/०८१ को वित्तिय विवरण सहितको एकिकृत वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने ।
४. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लागि लेखापरिक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने।
५. कम्पनीको हालको अधिकृत तथा जारी पुँजी वृद्धि गर्ने र सो को लागि कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा।
६. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

नोटः- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय गट्टाघर,भक्तपुर फोन नं. ०१-५६३९१८४ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C.
पुर्व स्वीकृति मिति २०८१/04/06 | LT No.307733 | चलानी नं. ६०२२२४५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 100 | 0 | 800 | २९,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १४ गते (29th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ISSA AL-ADWANI TRANSPORT CORPORATION
पुर्व स्वीकृति मिति २०८१/04/06 | LT No.307726 | चलानी नं. ६०२२२४४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १४ गते (29th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : INNOVATIVE TRADING DETAILS COMPANY IS A ONE-PERSON COMPANY.
पूर्व स्वीकृति मिति : २०८१/04/06 | LT. No. 307724 | चलानी नं. ६०२२२३०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 2 | 0 | 1000 | ३५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १४ गते (29th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TRENDS ELECTROMECHNICAL WORKS LLC
पूर्व स्वीकृति मितिः २०८१/03/30 | LT. No.307495 | चलानी नं. ६०२२२४५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ductman | 3 | 0 | 1300 | ४७,३४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician (Building) | 15 | 0 | 1300 | ४७,३४५ | | | | | | | |
| 3 | Plumber (Gulf Exp.) | 4 | 0 | 1300 | ४७,३४५ | | | | | | | |
| 4 | Technicians (Electrician/plumber/ductman) | 1 | 0 | 1300 | ४७,३४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः धनुषा, जनकपुर, फ्युचर ट्यालेन्ट ट्रेनिङ सेन्टर एण्ड कन्सल्टेन्सी प्रा.लि. मा मितिः २०८१ साउन १४ गते (29th July 2024) मा हुनेछ ।
कास्की, पोखरा, न्यु जनप्रिय थकाली भान्छा घरमा मितिः २०८१ साउन १५ गते (30th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.N. Recruiting Service Pvt Ltd
Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884
E-mail : snrecruitingnepal@gmail.com

**अनलाइन दर्ता खारेजी सूचना**

सूचना तथा प्रशारण विभागमा दर्ता नं.९२५/०७५-७६ मितिः २०७५/०४/२१ मा दर्ता रहेको इन्द्रेणी सामाजिक सञ्चार प्रा.लि.द्वारा सञ्चालित www.indrenisamaj.com नामक अनलाइन पत्रिकाको दर्ता खारेज गरिने हुँदा यस अनलाइन संग सम्बन्धित कुनै श्रमजिवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मितिः २०८१/०४/२२ भित्र यस कम्पनीको ठेगाना काठमाण्डौं महानगरपालिका १० बुद्धनगर, ९८४१४८९८३५ वा indrenifoundation@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ ।
साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ORIANTO CONTRACTING AND SERVICE
पूर्व स्वीकृति मिति २०८१/02/24 | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/06 | LT. No. 305964 | चलानी नं. ६०२२०७१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Adviser | 1 | 0 | 3600 | १३२,०३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cooker | 2 | 0 | 1500 | ५५,०१५ | | | | | | | |
| 3 | General Clean Worker | 8 | 5 | 1000 | ३६,६७५ | | | | | | | |
| 4 | Labour | 16 | 0 | 1000 | ३६,६७५ | | | | | | | |

कम्पनी : AL THURAYA FOOD INDUSTRIES
पूर्व स्वीकृति मिति २०८१/04/06 | LT. No. 307721 | चलानी नं. ६०२२२४३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 2 | 0 | 1300 | ४७,६८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cooker | 1 | 0 | 1500 | ५५,०१५ | | | | | | | |
| 3 | Labour | 5 | 0 | 1000 | ३६,६७५ | | | | | | | |
| 4 | Receptionist | 0 | 2 | 1300 | ४७,६८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १४ गते (29th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७६/०८/१८ मा दर्ता भएको प्रा.लि.नं. २२९६५८ को **अग्री इण्डष्ट्रीज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०४/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### डेंगु संक्रमण हुनबाट जोगिऔं

पछिल्लो समय देशभर लगातार पानी परिरहेकाले डेंगु संक्रमण बढ्दै गएको देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका अनुसार ७३ जिल्लाका एक हजार ६५७ जनामा डेंगुको संक्रमण देखिएको छ । यो संख्या दैनिक थपिने क्रम जारी छ । मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेंगुको संक्रमण फैलिएको मन्त्रालयको तथ्यांक छ ।

काठमाडौं उपत्यकामा २५५ जनामा डेंगुको संक्रमण देखिएको छ । जिल्लागतरूपमा सबैभन्दा बढी काठमाडौंमा १९६ जनामा डेंगु देखिएको छ। त्यसपछि झापामा १२८ र चितवनमा ९२ जनामा संक्रमण देखिएको छ। भक्तपुरमा ३५ र ललितपुरमा २४ जनामा देखिएको छ ।

वर्षाका बेला पानी संकलन गरेर राख्नु जोखिम हुन्छ । किनभने संकलन गरिएको पानीमा लामखुट्टे रहने गर्दछ। त्यही लामखुट्टेले टोक्ने भएकाले डेंगुको संक्रमण बढेको मन्त्रालयको भनाइ छ । मन्त्रालयले यस वर्ष सरदरभन्दा बढी वर्षा हुने आँकलन गरिएकाले मनसुनको समयमा लामखुट्टेको प्रजनन अवस्था अनुकूल बन्नसक्ने र डेंगुको संक्रमण पनि बढ्नसक्ने आँकलन गरेको छ ।

पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ। त्यही लार्भा वयस्क भएपछि टोकेपछि डेंगु रोग लाग्दछ । डेंगु संक्रमण अझै बढ्ने भएकाले सतर्कता अपनाउनुपर्नेमा मन्त्रालयका अधिकारीहरूको जोड छ ।

डेंगुबाट बच्ने सबैभन्दा उत्तम उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु रहेकाले आफ्नो घर वरिपरि तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने भएको हुँदा पानी जम्न नदिने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, जुनसुकैबेला झुलको प्रयोग गर्ने र पूरै शरीर छोपिने लुगा लगाउनेजस्ता कुरामा ध्यान दिनुपर्दछ । संक्रमितलाई झुलभित्र मात्र आराम गराउने वा सुताउने, संक्रमितको हेरचाहमा खटिँदा पूराबाहुला भएको लुगा लगाउने, लामखुट्टे धूप, कोइला व लिक्विड बाल्ने, घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने र घर वरपर पानी जम्न नदिनेजस्ता उपाय अपनाउन चिकित्सको सुझाव छ ।

उच्च ज्वरो आउने, जोर्नी तथा मांसपेशी बेस्सरी दुख्नु, आँखाको गेडी बेस्सरी दुख्नु, टाउको दुख्नु, शरीरमा राता बिमिरा आउनु, वाकवाकी लाग्नु तथा वान्ता हुनुजस्ता लक्षण देखा पर्दछन् । एक्कासि उच्च ज्वरो आउने, वान्तामा रगत देखापर्ने, नाक वा गिँजाबाट रगत, रक्तश्राव धेरै पेट दुखाइ, श्वासप्रश्वासमा समस्या र बेहोस हुनेजस्ता लक्षण डेंगुको हो । वर्षात्को मौसम भर्खरै सुरु भएकोले अझै डेंगु संक्रमणको जोखिम बढ्ने देखिन्छ । त्यसैले लामखुट्टेको टोकाइबाट बच्न आवश्यक सतर्कता अपनाउनु नै सबैभन्दा उपयुक्त उपाय हो ।

## मनन्योग्य

### चाणक्य नीति


पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर । 'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधैं निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए। अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए। नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए। आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ। यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । क्रमशः

# बिपी कोइराला र प्रजातान्त्रिक समाजवाद



■ मनोहर कार्की

> लोकतन्त्रको मूल्य, प्रेस स्वतन्त्रता तथा मानवअधिकारको पूर्ण प्रत्याभूति दिने संवैधानिक व्यवस्था, बहुदलीय समाज तथा राष्ट्रिय मेलमिलापको नीति कार्यान्वयनको दिशामा उनले पुर्‍याएको योगदान नेपालको राजनीतिक इतिहासमा सधैं चीरस्मरणीय रहने छ । विकास र राजनीतिक स्थायित्वका लागि उनले अघि सारेको लोकतान्त्रिक समाजवादी आर्थिक नीतिलाई सार्थक बनाउनु आजको आवश्यकता हो । वर्तमान सरकारले समाजवादउन्मुख आर्थिक विकासको खाका अघि बढाइरहेको सन्दर्भमा पनि बिपीको नीति सान्दर्भिक बन्नसक्छ ।

बिपी कोइराला वैचारिक र नेतृत्वको सवालमा राष्ट्रवादी समाजवादी चिन्तकका रूपमा स्थापित नाम हो । विश्वराजनीतिक परिवेशलाई अत्यन्त सूक्ष्म र गहिराइमा पुगेर विश्लेषण गर्नसक्ने र नेपालको भू-राजनीतिक पहिचानलाई सान्दर्भिकरूपमा उपयोग गर्न सक्ने खुबी भएका नेता थिए । नवऔपनिवेशिक तथा सैन्यशक्तिको आडमा राजनीतिक र वित्तीय प्रभुत्ववाद कायम गर्ने होडबाजी चलेको विश्वशीतयुद्धको समयमा उनले सन्तुलित असंलग्न परराष्ट्रनीति अवलम्बन गरी नेपालको हितमा उपयोग गरे ।

बिपीले २००७ सालको प्रजातान्त्रिक आन्दोलन तथा तत्पश्चात् १०४ वर्षीय जहाँनिया तथा निरंकुश राणाशासनको अन्य गरी प्रजातन्त्रको स्थापना भएपछिका दिनहरूमा नवस्थापित प्रजातन्त्रको संस्थागत विकासमा निभाएको नेतृत्वदायी भूमिकाले नेपालको राजनीतिक इतिहासमा विशेष महत्त्व राख्दछ। २०१७ सालको शाही कूपश्चात्को अत्यन्त विषम् परिस्थितिबीच भारत निर्वासनकाल तथा २०३३ साल पुसमा राष्ट्रिय मेलमिलाप तथा एकताको नीति लिएर बिपीलगायतका नेपाली कांग्रेसका शीर्ष नेताहरूको नेपाल आगमनपश्चात्का राजनीतिले जटिल मोड पार गर्‍यो। २०३६ सालको विद्यार्थी आन्दोलनको उभारले ल्याएको ऐतिहासिक जनमत संग्रहको राजनीतिक घटनाक्रमलाई मिहीन विश्लेषण गर्ने हो भने बिपीले नितान्त मूल्य र आदर्शको राजनीतिलाई केन्द्रमा राखेको दृष्टान्त पाइन्छ । प्रजातन्त्र स्थापनापछिका २००७ देखि २०१५ सालसम्मको संक्रमणकालीन अवस्थालाई व्यवस्थापन गरी नेपाली कांग्रेस पार्टीको नेतृत्वमा बहुदलीय प्रतिस्पर्धाअनुसारको पहिलो संसदीय चुनावमा पार्टीलाई दुई तिहाइ बहुमतका साथ विजयी गराएर पहिलो जननिर्वाचित सरकारको नेतृत्व गरे । मूलतः प्रजातन्त्र र प्रजातान्त्रिक पद्धतिको संस्थागत विकास र उन्नयनका लागि बिपी आफ्नो लौकिक जीवनको अन्तिम समयसम्म पनि दृढ, निर्भीक तथा निष्ठाका साथ लागे । तर आजको समसामयिक राजनीतिमा मूल्य र राजनीतिक संस्कारको खडेरी पर्न गएको छ ।

राष्ट्रिय मेलमिलापको नीति लिएर नेपाल आएपछि यसको सान्दर्भिकताका सन्दर्भमा एक अपिल प्रकाशित गरे । जसको भावना र मर्म संवेदनशील तथा मुलुकको हितमा छ । उक्त अपिलमा उल्लेख गरिएको छ- 'प्रजातन्त्रको प्राप्ति र राष्ट्रको रक्षा दुवै जिम्मेवारी नेपाली कांग्रेसले लिनु परेको छ । यदि हामीले एउटै जिम्मेवारीको मात्र कुरा गर्‍यौं भने हामी एकपक्षीय भएर गलत बाटोतिर लागेका हुने छौं। र, यदि हामीले प्रजातन्त्र प्राप्तिमा मात्र जोड दियौं भने राष्ट्रिय संकटको निवारणमा हाम्रो योगदान रहँदैन। त्यत्तिमात्र होइन, यस्तो एकपक्षीय कार्यले हामी विदेशीहरूको चालमा पर्नेछौं। त्यस्तै यदि हामीले केवल राष्ट्रियताको मात्र चर्चा गर्‍यौं भने १६ वर्षको खोक्रो राष्ट्रियताको नाराबाजीमा लाग्छौं र अधिनायकवादको पक्षधर हुनपुग्छौं । यस्तो खोक्रो राष्ट्रियताले राष्ट्रको रक्षा गर्ने आन्तरिक मनोबल देशवासीमा पैदा गर्न सक्दैन । त्यसो हुनाले हामीले यो कुरा पनि बुझ्नुपर्छ कि राष्ट्रिय एकता प्रजातन्त्रको जगमा मात्र खडा हुनसक्छ र प्रजातन्त्रको जग देशको उत्तरोत्तर आर्थिक विकास र न्यायपूर्ण आर्थिक व्यवस्थामा मात्र बलियो हुनसक्छ। तसर्थ हाम्रो दृष्टिमा राष्ट्रियता, प्रजातन्त्र, विकास र उन्नति एकअर्कामा आधारित तत्त्व हुन् ।'

यसै राष्ट्रिय मेलमिलाप नीतिको सान्दर्भिकता आज पनि त्यत्तिकै रहेको छ। हालको कांग्रेस तथा नेकपा एमालेसहितको गठबन्धन सरकार जसको नेतृत्व एमाले अध्यक्ष केपी शर्मा ओलीले गरेका छन्, यस सरकारले राष्ट्रिय एकता, सुशासन तथा दिगो विकासका लक्ष्यतर्फ प्राथमिकता दिएर कार्यसम्पादन हुन सकोस् ।

बिपीमा अन्तरनिहीत बहुआयामिक प्रतिभाको सोपानको अलग पाटोको प्रतिनिधित्व साहित्यिक व्यक्तित्व र आख्यान साहित्यमा अलग धारका अग्रज स्रस्टाका रूपमा नेपाली साहित्याकाशमा उच्च मूल्यांकन गरिन्छ । निकै हदसम्म उनका कालजयी सिर्जनाहरूमा सुम्निमा, तीन घुम्ती, मोदी आइन्, हिटलर र यहुदी, नरेन्द्र दाइ, बाबुआमा, छोरालगायतका कृति तथा जेल जर्नललगायतका आत्मवृत्तान्तले नेपाली साहित्यको श्रीवृद्धि तथा वैचारिक मान्यताको सैद्धान्तिकीकरणमा आयाम थपिएकै छ । उनले भनेझैं 'म राजनीतिमा समाजवादी र साहित्यमा अराजकतावादी हुँ' भन्ने आत्मपरक विश्लेषणका समीक्षात्मक विश्लेषणको गहिरो र मिहीन पुस्टचाइँ कुतिका भाव, मान्यता र सारले उद्‌बोध गरेकै छ। समग्र कृतिको मिमांस विश्लेषणका सारमा राजनीतिक वैचारिकताको आत्मबोध, यौनमनोविज्ञानको विश्लेषण तथा सामाजिक रूपान्तरण र मनोसामाजिक सांस्कृतिक द्वन्द्वलाई साहित्यिक वैचारिक धरातलमा सटिक प्रस्तुति गरेको पाइन्छ। जीवन र जगतका मूल्य र मान्यतालाई राजनीतिक विचार र साहित्यिक पक्षबाट उजागर गर्नसक्ने विलक्षणता बिपीमा उनका राजनीतिक विचार तथा सिद्धान्त र साहित्यिक सिर्जनाका प्रतिविम्ब बग्रेल्ती देखिन्छन् । उनका साहित्यिक कृतिहरूले निकै हदसम्म त्यस परिवेश र समयका साहित्यिक धारलाई निकै हदसम्म निषेध गरेर फरक र भौतिकवादी समाज र मानवीय मनोविज्ञानका भित्री पाटालाई स्वप्निल समाजको विम्ब र सामाजिक सांस्कृतिक द्वन्द्वात्मक पक्षलाई तीन घुम्तीकी इन्द्रमाया र सुम्निमाकी किराँती समुदायकी सुम्निमा तथा ब्राह्मण समुदायका सोमदत्तबीचको प्रेम र तिनका उत्कन्ठालाई निकै हदसम्म न्याय गरेको देखिन्छ । अनि वैचारिक र सामाजिक अराजकतावादी धारको छनकको प्रतिविम्बका यथेष्ट गुन्जायस सोपान गर्न सकिन्छ उनका साहित्यिक कृतिहरूबाट ।

बिपीलाई अग्रज समाजवादी चिन्तक तथा पथप्रदर्शकका रूपमा राजनीतिक वृत्तमा लिइन्छ । नेपालमा प्रजातान्त्रिक समाजवादको अभ्युत्थानमा बिपीको नेतृत्वदायी भूमिका दक्षिण एसिया तथा सिंगो एसियाका लागि मार्गदर्शक बनेको छ । जसले गर्दा उनलाई समसामयिक विश्वराजनीति र दक्षिण एसियाको अग्रज प्रजातान्त्रिक समाजवादी नेताको रूपमा चिनायो। भारतका तात्कालिक नेता जयप्रकाश नारायण तथा राममनोहर लोहियाजस्ता समाजवादी चिन्तकको सामीप्यता र राजनीतिक उठबसले बिपीमा नेपालजस्तो भू-राजनीतिक परिवेशको मुलुकको स्थिरता, राजनीतिक विचारको सम्प्रेषण तथा छिमेक तथा अन्य मित्रराष्ट्रसँगको सम्बन्धलाई कसरी चीरस्थायी र मुलुकको हितमा प्रवर्द्धन गर्न सकिन्छ भन्ने स्पष्ट दृष्टिकोण निर्माण गर्ने र कार्यान्वयनतर्फ दिशाबोध गरेको पाइन्छ । जसलाई आजका राजनीतिक व्यक्तित्वहरूले कमै अनुशरण गरेको पाइन्छ ।

बिपी नेतृत्वको सरकारले कुशल परराष्ट्र नीति अवलम्बन गरेको पाइन्छ । उनको कार्यकालमा देशले असंलग्न परराष्ट्र नीतिलाई निर्देशक सिद्धान्तका रूपमा लियो । फलस्वरूप नेपालले दुई ठूला छिमेकी भारत तथा चीनलगायतका विश्वका सबै मित्रराष्ट्रसँग यसै नीतिका आधारमा कूटनीतिक सम्बन्ध स्थापना र विस्तार गर्न सक्यो । सगरमाथाको आधिकारिकताका सन्दर्भमा उठान भएको राष्ट्रिय हित प्रवर्द्धनका सवालमा चीनसँग दह्रो रुझानका साथ सगरमाथा नेपालको भएको तथ्यलाई उनले आफ्नो चीन भ्रमणको समयमा राखे । त्यसलाई चीनको सरकारले सहजरूपमा लियो र यससम्बन्धी समझदारी कायम भयो ।


प्रजातान्त्रिक समाजवादले आफ्नो वैचारिक आधार खडा गर्ने क्रममा धेरै आरोह अवरोह पार गर्दै आएको छ। पाश्चात्य चिन्तक सेन्ट साइमन, चार्ल्स फोरियर तथा बेलायती समाजवादी चिन्तक रोबर्ट ओवेनले सर्वहारा वर्गको उन्मुक्ति र उत्थानका लागि पुँजीपति वर्ग र श्रमिक वर्गका बीचमा हितको संरक्षण हुनसक्ने वैचारिक आधार प्रस्तुत गरे, जसमा मार्क्स र एंगेल्सले आफ्नो कम्युनिस्ट विचार र मार्क्सवादी चिन्तनको वैचारिक बहस चलाएका थिए । लोकतान्त्रिक समाजवादको सारभूत पक्ष वर्ग समन्वय तथा उदार आर्थिक विकासका आयामलाई महत्त्व दिएर तेस्रो विश्वका गरिब तथा विकासोन्मुख देशमा राजनीतिक व्यवस्थाको आधार र आर्थिक-सामाजिक रूपान्तरणका लागि नवीन विचारधाराका रूपमा काम गर्‍यो । यस दिशामा उदार समाजवादी विचारका नीति तथा कार्यक्रमले मुलुकको आर्थिक उत्थान, सामाजिक रूपान्तरणमा योगदान दिँदै आएको छ ।

जननिर्वाचित बिपी सरकारले समाजवादी चिन्तन र नीतिअनुसारको राज्य व्यवस्था सञ्चालन र विकासलाई अघि बढायो । आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तनका कामले नयाँ बिहानीको सुरुआत गर्न सकेको थियो । तर, हठात् बिपीको लोकप्रिय जनउत्तरदायी सरकार राजा महेन्द्रको उच्च महत्त्वाकांक्षा र शक्ति आर्जन तथा प्रत्यक्ष प्रयोग गर्ने मनसायप्रेरित भई २०१७ पुस १ को गैरप्रजातान्त्रिक शाही कदमका कारण अवसान गरियो। फलस्वरूप दलविहीन चरित्रको निर्दलीय पञ्चायतको नाममा देश पुनः राजनीतिक स्वतन्त्रता शून्यतातर्फ उन्मुख भयो। बिपीको आदर्श र विचारधारा सिंगो पञ्चायती व्यवस्थाको नाममा निश्तेज गरियो । करिब तीन दशकसम्म विकास र स्वतन्त्र राजनीतिक चिन्तनधारालाई कुण्ठित गर्ने कार्य भयो । नेपाली कांग्रेसको नेतृत्व तथा जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंहको अगुवाइमा तत्कालीन संयुक्त वाममोर्चासँगको सहकार्यमा २०४६ सालको ऐतिहासिक जनआन्दोलनपश्चात् देशमा फेरि बहुदलीय व्यवस्थाको पुनःस्थापना गर्न सफल भयो।

लोकतन्त्रको मूल्य, प्रेस स्वतन्त्रता तथा मानवअधिकारको पूर्ण प्रत्याभूति दिने संवैधानिक व्यवस्था, बहुदलीय समाज तथा राष्ट्रिय मेलमिलापको नीति कार्यान्वयनको दिशामा उनले पुर्‍याएको योगदान नेपालको राजनीतिक इतिहासमा सधैं चीरस्मरणीय रहने छ। विकास र राजनीतिक स्थायित्वका लागि उनले अघि सारेको लोकतान्त्रिक समाजवादी आर्थिक नीतिलाई सार्थक बनाउनु आजको आवश्यकता हो । वर्तमान सरकारले समाजवादउन्मुख आर्थिक विकासको खाका अघि बढाइरहेको सन्दर्भमा पनि बिपीको नीति सान्दर्भिक बन्नसक्छ। त्यसैबाट नेपालको समृद्धि र विकासको सपना साकार हुनसक्छ।

*(लेखक मानवशास्त्री तथा अधिवक्ता हुन्)*

# वर्तमान अवस्थामा राप्रपाको जिम्मेवारी



■ केशव रेग्मी

देशको राजनीतिक अवस्था अन्योलग्रस्त छ । यसको मूल कारण हाम्रो राष्ट्रिय राजनीतिमा विदेशीको चरम हस्तक्षेप नै हो। यो अवस्था जन्मनुको प्रमुख कारण माओवादीबाट उत्पन्न भएको द्वन्द्व हो । माओवादी द्वन्द्वले नै विदेशीहरूले नेपालमा खेल्ने ठाउँ पाएका हुन्। विभिन्न जातजाति, वर्गका बीचमा टुटफुट गर्ने अवसर पाए। त्यतिमात्र नभई माओवादी द्वन्द्वलाई आर्थिक, भौतिक र संरक्षणसमेत दिई राष्ट्रिय राजनीतिमा ठूलो हस्तक्षेप गरी आफ्नो प्रभुत्व जमाउने अवसर पाए। त्यस बेलादेखि यो मुलुक आजसम्म पूर्णरूपमा विदेशीको अघोषित अधीनमा गयो । यो अवस्थाबाट मुक्त हुन राज्यले धेरै वर्ष मेहनत गर्नुपर्ने छ ।

भ्रष्टाचार पुराना शासनहरूमा पनि थिए तर त्यतिखेर भ्रष्टाचार नगन्यरूपमा थिए । बहुदलको स्थापनापश्चात् जब दल-दलबीच प्रतिस्पर्धा गर्ने चलन आयो, त्यसपछि मात्र भ्रष्टाचारले यो देशमा चरम रूप लिन थालेको हो। झन् २०६२/६३ पछि भ्रष्टाचार अमूर्तरूपमा फस्टाउँदै गयो । भ्रष्टाचारमा ठूला नेताहरू नै संरक्षकको भूमिकामा रहे । हाल भ्रष्टाचारको नेतृत्व नै ठूला दलका नेताहरूले गरिरहेका देखिन्छ । यो चरम अवस्थामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का वर्तमान अध्यक्ष राजेन्द्र लिङ्देनले 'एक रूपैयाँ घुस खानु भनेको आमाको रगत खानुसरह हो' भन्ने नारा लिई भ्रष्टाचार उन्मूलनमा अग्रणी नेतृत्व र भूमिका लिई राष्ट्रिय राजनीतिमा आफ्नो भ्रष्टाचारविरोधी नीतिलाई स्थापित गरेका छन्। आजको अवस्थामा स्वच्छ छवि भएको एकल पार्टी राप्रपा हो भन्ने जनमानसमा स्थापित भइसकेको छ ।

जबसम्म अख्तियारका आयुक्तहरू सरकारी नियुक्त गरिन्छ, तबसम्म भ्रष्टाचार उन्मूलन गर्न कठिन देखिन्छ । किनभने उनीहरूको पहिलो दायित्व आफूलाई नियुक्ति दिने व्यक्ति तथा संगठनकै संरक्षण गर्ने हुन्छ । यसले निष्पक्ष भएर काम गर्ने वतावरण नै हुँदैन । त्यसैले अख्तियारको प्रमुख आयुक्तलगायतका नियुक्ति खुला प्रतिस्पर्धाबाट गरिनुपर्छ ।

यस वर्षको बजेट अघिल्लो वर्षको दाँजोमा निकै विवादास्पद रह्यो । यो हुनाको मुख्य कारण प्रदेश संरचना पनि हो। त्यसैले जबसम्म प्रदेश संरचनालाई हटाइँदैन तबसम्म यो विवाद रही नै रहन्छ । स्थानीय सरकारलाई बलियो बनाएर प्रदेशलाई खारेज गर्नु आजको आवश्यकता हो ।

महँगी विश्वमा नै बढ्दै जाने प्रवृत्ति हो। यसलाई नियन्त्रण गर्न अति कठिन छ। यसको बदला जनताको आर्थिक आय वृद्धि गर्ने उपाय खोज्दै जानु राज्यको दायित्व हो । आज देशका ४० प्रतिशत युवाहरूमध्ये २५-३० प्रतिशत वैदेशिक रोजगारी र अध्ययनको सिलसिलामा विदेश पलायन भइसकेको अवस्था छ । देशको आर्थिक विकासका लागि युवाहरूको अग्रणी भूमिका हुन्छ। त्यसैले युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न स्वदेशमै रोजगारीको वातावरण सिर्जना गरिदिनुपर्दछ । उद्योग, कलकारखाना, व्यापार व्यवसाय, कृषिमा युवाहरूलाई अवसर दिलाउनु राज्यको दायित्व हो । भौगोलिक जटिलता भएको हाम्रो जस्तो मुलुकमा अन्य धेरै ठूला खालका उद्योगहरू स्थापित गर्ने अवस्था नरहेता पनि यहाँ भएका र देशले गर्न सक्ने पर्यटन, जलविद्युत् र कृषिलाई प्राथमिकता दिई यी क्षेत्रमा लगानी गर्न सकेमा जनताको क्रयशक्ति बढी महँगीलाई सन्तुलित गर्न मद्दत मिल्ने छ ।

राप्रपाले यतिखेर आफ्नो मूल विषय संलग्न गरी ४० बुँदे मागपत्र सरकारलाई बुझाएको छ । ती मागमध्येबाट पनि मूल एजेण्डाहरू कसरी सफल पार्ने भन्ने विषयमा विभिन्न कार्यक्रमहरू अगाडि बढाएको छ । संवैधानिक राजसंस्था र हिन्दूराज्यको पुनर्वहाली, संघीयताको खारेजी र भ्रष्टाचार उन्मूलन प्रमुख एजेण्डा हुन् । यी एजेण्डा पूरा गर्न राप्रपा आन्दोलनकै क्रममा छ । यी एजेण्डाहरूलाई पूर्णता दिन सके आन्तरिक द्वन्द्वको अन्त्य, गरिबी उन्मूलन, भ्रष्टाचार निवारण, जातजातिमा मिलाप हुने निश्चित छ ।

नेपालमा राजसंस्था पुनर्वहाली हुन असम्भव होइन । किनभने विश्वमा कतिपय यस्ता मुलुक पनि छन्, जहाँ आजसम्म आर्थिक र राजनीतिक सफलता प्राप्त गर्न सफल भइरहेको देखिन्छ । आज विश्वका करिब २० भन्दा बढी विकसित मुलुक संवैधानिक राजसंस्थाका कारण विकास र समृद्धिमा अग्ररूपले अगाडि बढिरहेका उदाहरण छन्। त्यसैले हाम्रोजस्तो राजनीतिक एवं भौगोलिक अवस्थाको देशमा राजसंस्थाको झन् बढी आवश्यकता देखिन्छ। जुन हामीले २०४७ सालदेखि भोग्दै आइरहेका छौं ।

दलहरूले देशको इतिहासलाई बेवास्ता गरी विदेशीहरूको प्रभावमा काम गरिरहेका छन् । यो एउटा दुर्भाग्यको विषय हो । देशमा राजासहितको प्रजातन्त्र स्थापना हुनु अति जरुरी छ । तर प्रजातन्त्रको नाममा दल तथा दलका नेताहरू विदेशीको प्रभाव अथवा इशारामा चल्नु उचित होइन। हाम्रा छिमेकीहरूमा एकातिर भारतजस्तो विशाल प्रजातान्त्रिक मुलुक छ भने अर्कोतिर त्यस्तै विशाल कम्युनिस्ट मुलुक चीन छ । त्यसैले हामीले दुवैपक्षलाई नचिढिनेगरी सन्तुलित राजनीति गर्नु पर्दछ ।

आजको परिस्थितिमा राजसंस्थाको मागको सान्दर्भिकता बढ्दै गएको छ । २०७२ सालको संविधानले जन्माएको प्रदेश अवधारणाले राष्ट्रलाई अग्रगामी भूमिकामा भन्दा पश्चगामी भूमिकातर्फ नै धकेलेको छ । त्यसैले दलहरूबाट भागबण्डाबाट नियुक्त भई आउने राष्ट्रपतिभन्दा जनताको चाहनाअनुसार कुनै दलमा आबद्ध नभएका निष्पक्ष राजसंस्थाकै नेतृत्व हामीले खोजेका छौं ।

राजनीति भनेको कुनै पनि देशको जनसंख्यालाई व्यवस्थित गर्ने एउटा नीति हो तर जब जनताहरूको पेट खाली रहन्छ, त्यो बेला राजनीतिमात्र भनेर के गर्ने ? त्यसैले त्यस राज्य सञ्चालन जो सुकै वर्ग वा व्यक्तिबाट भएता पनि जनताको न्यूनतम आवश्यकता पुर्‍याउन सक्दैन भने त्यो देशमा शान्ति, विकास र राजनीतिक स्थिरताको कल्पना गर्न सकिँदैन ।

*(लेखक राप्रपा केन्द्रीय सदस्य हुन्)*



**लामाचौर बस्ती** पोखरा महानगरपालिका-१९ स्थित लामाचौरको खेतीयोग्य जमिनमा भरिदै गएको बस्ती । पछिल्लो समय यस क्षेत्रमा तीव्र सहरीकरण बढेको छ ।
*तस्विर: कृष्ण दवाडी/रासस*

# गाउँभरि महिलाको सामूहिक रोपाइँ



**राँझा (बाँके)**– जिल्लाको खजुरा गाउँपालिका-१ राधापुरका महिलाले गाउँभरिको खेतमा सामूहिक रोपाइँ गरेका छन् । रोजगारीका लागि अधिकांश पुरुषले घर छोडेपछि राधापुरका महिलाले सामूहिक रोपाइँ गर्दै आएका हुन् ।

रोपाइँ समूहमा आवद्ध २५ महिला एक महिनादेखि गाउँका खेतमा आलोपालो गर्दै रोपाइँमै व्यस्त देखिन्छन् । 'घरमा लोग्ने मान्छे छैनन्, भान्सादेखि घरबाहिरको खेती किसानी सबै हाम्रै जिम्मामा छ,' धान रोप्दै गरेकी राधापुरकी ममता विकले भनिन्, 'एक्लै खेत रोपेर नसकिने, गाउँमा खेताला पनि नपाइने भएपछि गाउँका दिदीबहिनी मिलेर सामूहिक रोपाइँ सुरु गरेका हौं ।'

महिला दिदीबहिनीले आफ्नो मात्र नभई मूल्य तोकेर गाउँमा सबैको धान रोपाइँको काम गर्न थालेपछि अहिले खेताला खोज्नुपर्ने झण्झट हराएको उनले बताइन् । यसरी सामूहिक रोपाइँ गर्दा काम खोज्ने र कामदार खोज्ने दुवै पक्षलाई सहज भएको उनको बुझाइ छ ।

समूहका सदस्यभित्र प्रतिघण्टा दुई हजार रूपैयाँ र समूहबाहिर प्रतिघण्टा तीन हजार रूपैयाँका दरले महिला दिदीबहिनीले रोपाइँ गर्दै आएका छन् । सामूहिक रोपाइँबाट यस वर्षको शनिबारसम्म एक लाख ८० हजार रूपैयाँ आम्दानी भइसकेको समूहकी अगुवा अञ्जली सुनारले जानकारी दिइन् ।

'समूहमा आबद्ध भएर काम गर्दा आफ्नो धान रोपाइँ समयमै हुनुको साथै आर्थिक बचत पनि गर्न सफल भएका छौं,' उनले भनिन्, 'यो वर्षको अहिलेसम्म एक लाख ८० हजार रूपैयाँ बचत भइसकेको छ, अझै एक हप्तासम्म रोपाइँ गर्दा दुई लाख रूपैयाँ पुग्छ ।'

राधापुरको न्याउलीडाँडा निवासी बालसरा सुनारले सामूहिक रोपाइँले गाउँमा खेती किसानीको काममा धेरै सहज भएको बताइन् । 'सात कट्ठा खेतमा धान रोप्ने गरेकामा महिला समूहमा आबद्ध भएपछि यो वर्ष थप १० कट्ठा खेत अधिया लगाएर रोपाइँ गरेको छु,' उनले भनिन् ।

'गाउँका अधिकांश युवा रोजगारीका लागि विदेश पलायन भएका छन्, घरमा वृद्ध सासू-ससुरा मात्रै हुनुहुन्छ,' स्थानीय समीक्षा खड्का विकले भनिन्, 'बच्चाबच्चीको हेरचाह गर्ने, खेती किसानीका साथै परिवारको सम्पूर्ण जिम्मेवारी हेर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा समूहमा काम गर्दा सहयोग हुनुका साथै काम छिटो सम्पन्न भएको छ ।' विगतमा एक्लै वा एक/दुईजना पर्म लगाउने गरे पनि गत वर्षदेखि महिला समूहमा आबद्ध भएसँगै पर्म खोज्ने झण्झट अन्त्य भएको उनले बताइन् ।

'गत वर्ष १७ जनाको समूह बनाएर रोपाइँको सुरुआत गरेका थियौं, त्यसबाट एक लाख पाँच हजार रूपैयाँ आम्दानी गरेका थियौं,' समीक्षाले भनिन्, 'यो वर्ष २५ जनाको समूहबाट रोपाइँ गरिरहेका छौं, आम्दानी पनि धेरै हुने अपेक्षा लिएका छौं ।'

राधापुरका महिला दिदीबहिनीले सामूहिकरूपमा काम गरेर आर्थिक बचत गर्न सफल हुनुका साथै सकारात्मक सन्देश दिएको दलित महिला संघकी सहजकर्ता तारा विकले बताइन् । उनीहरूको उत्साहलाई कायम राख्न संस्थागतरूपमा आवश्यक सहयोग र समन्वय गरिने उनले जानकारी दिइन् । खजुरा गाउँपालिका-१ का वडाध्यक्ष मनवीर क्षेत्रीले दिदीबहिनीले सामूहिकरूपमा रोपाइँ गरेर उदाहरणीय कार्य गरिरहेको बताए । महिलाको हौसला बढाउन अन्य सीपमूलक कार्यक्रम सञ्चालनको योजना बनाइएको जनाउँदै महिला सक्षम भए समाज नै समृद्ध बन्ने धारणा उनले राखे । *रासस*

# दार्चुलाबाट लक्ष्यभन्दा कम यार्सागुम्बा निकासी

**खलंगा (दार्चुला)**– गत आर्थिक वर्षमा दार्चुलाबाट ६७४ किलोग्राम यार्सागुम्बा निकासी भएको छ । अपिनाम्पा संरक्षण क्षेत्र दार्चुलाका सूचना अधिकारी इन्द्रसिंह नगारीले यार्सागुम्बा संकलन तथा ओसार पसार निर्देशिकाअनुसार कार्यालयले गत वर्ष आठ क्विन्टल ५० किलोग्राम यार्सागुम्बा निकासी अनुमति दिएकामा व्यापारीले छोडपुर्जी बनाएर ६७४ किलोग्राम यार्सा काठमाडौं निकासी गरेको बताए ।

यसबापत संरक्षण क्षेत्रले प्रतिकिलो ३१ हजार रूपैयाँका दरले राजस्व लिने गरेको र उक्त अवधिमा दुई करोड ८९ लाख चार हजार रूपैयाँ राजस्व संकलन गरिएको उनले जानकारी दिए ।

कार्यालयका वार्डेन विनयकुमार झाले छिल्लो समय उत्पादन घटेका कारण तोकिएको लक्ष्यअनुसार यार्सागुम्बा संकलन गर्न नसकिएको बताए । उनले संकलकहरूले विगत केही वर्षयता हिमाली क्षेत्रमा यार्सागुम्बा कम पाइन थालेको बताउने गरेको जानकारी दिए । 'बहुमूल्य हिमाली जडीबुटी यार्सागुम्बाको उत्पादन घटनाका कारण पत्ता लगाउन जरुरी भइसकेको छ । अब यार्सा पाइने क्षेत्रहरूको अध्ययन-अनुसन्धान गर्ने योजनामा छौं,' उनले भने ।

दार्चुलामा विशेषगरी अपी हिमाल, ब्याँस, दुहुँ नौगाड गाउँपालिकाका अधिकांश स्थानीयको आर्थिक स्रोत यार्सागुम्बा र जडीबुटी हो । यहाँका लोलु, अपी फेद, सतगंगा, काटै, घट्टेखोला, चाइमटेला, धरमघर, क्षति, नाम्पा, दोपाखे, दुम्लिङलगायत पाटनमा यार्सागुम्बा पाइने गर्छ ।

व्यापारी हरिश भट्टले पनि पछिल्ला वर्षमा यार्सा पाउने क्रम घट्दै गएको बताए । पछिल्लो समय यार्साको मूल्यसमेत घटेको उनको भनाइ छ । 'यहाँ संकलकहरूसँग किन्नुपर्दा महँगोमा किन्नुपरेको छ । हामीले प्रतिकिलोग्राम १७ देखि १८ लाख रूपैयाँमा खरिद गरेर काठमाडौंमा १४ देखि १५ लाख रूपैयाँ प्रतिकिलोग्राममा बेच्नुपर्ने बाध्यता छ । यसले व्यापार गर्न निकै गाह्रो भइसक्यो,' उनले भने । व्यापारीहरूले 'ग्रेड'का आधारमा यार्सा खरिदबिक्री गर्ने गरेका छन् । *रासस*

# मनाङ जोड्ने सडक कालोपत्रसहित स्तरोन्नति गरिने

**मनाङ**– हिमाली जिल्ला मनाङ प्रवेश गर्ने एकमात्रै बेँसीसहर-चामे सडक कालोपत्रसहित स्तरोन्नति हुने भएको छ । बर्सेनि पहिरोको जोखिममा रहेको यो सडक चालु आर्थिक वर्षमै स्तरोन्नति गरिने तयारी छ ।

सडक जोखिमपूर्ण हुँदा बर्सेनि स्थानीय तथा पर्यटकले सास्ती भोग्दै आएका छन् । सडक स्तरोन्नतिको प्रक्रिया अघि बढेको मनाङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङले जानकारी दिए । सरकार र अन्य सरोकारवाला निकायसँगको समन्वय तथा साझेदारीमा सडक कालोपत्रसहित स्तरोन्नति प्रक्रिया अघि बढेको सांसद गुरुङले बताए । उनले भने, 'मनाङका स्थानीयवासी र पर्यटकलाई सहज बनाउनेगरी सडक कालोपत्र हुने भएको छ ।'

सडक कालोपत्र गर्न डुम्रे-बेँसीसहर-चामे सडक योजनासँग मनाङमा निर्माणाधीन जलविद्युत् आयोजनाले पनि सहकार्य गर्ने भएका छन् । सडक विस्तार तथा स्तरोन्नति गर्न दानाक्युमा रहेको मनाङ-मर्स्याङ्दी जलविद्युत् आयोजना सहमत भएको छ । जलविद्युत् आयोजना निर्माणका लागि सडक स्तरोन्नति आवश्यक भएकाले सरकारको काममा सहयोग गर्ने आयोजनाका उपमहाप्रबन्धक प्रतीकमानसिंह प्रधानले बताए ।

उनका अनुसार भौगोलिक विकटतासँगै साँघुरो र पहिरोको जोखिम रहेको सडकको चौडाइ विस्तार गर्ने, कटिङ गर्ने, जोखिम भएका स्थानमा ढलान र अन्य स्थानमा कालोपत्र गरिने छ । हिउँद वर्षा दुवै याममा साना तथा ठूला सवारीसाधन सहजै आवतजावत गर्नसक्नेगरी सडक विस्तार गर्नेगरी योजना निर्माण भइरहेको बेँसीसहर-चामे सडक योजनाका निमित्त प्रमुख किरण पोखेलले बताए ।

सडक स्तरोन्नतिका क्रममा केही बस्ती प्रभावित हुने देखिन्छ । खासगरी लमजुङतर्फ स्याँगे, श्रीचौर, जगत च्याम्चे र मनाङतर्फ धारापानी गाउँका केही बस्ती सडक विस्तारका क्रममा प्रभावित हुने देखिएको हो । यस सडकमा हिउँदमा हिउँ र वर्षामा बाढीका कारण कयौं स्थानमा सडक अवरुद्ध हुँदा मनाङवासीले वर्षौंदेखि सास्ती खेप्दै आएका छन् । दुई वर्षअघि बेँसीसहरदेखि खुदीसम्म करिब आठ किलोमिटर सडक कालोपत्र गरिएको छ । यस सडकखण्डअन्तर्गतका अधिकांश भाग जोखिमपूर्ण र विस्तार गर्नुपर्ने अवस्थाका छन् । *रासस*

# धनुषा प्रहरीमा 'साइबर क्राइम' सम्बन्धी ३२० उजुरी

**जनकपुरधाम (प्रस)**– जिल्ला प्रहरी कार्यालय धनुषामा गत आर्थिक वर्ष २०८०/८१ मा 'साइबर क्राइम' सम्बन्धी ३२० वटा उजुरी दर्ता भएका छन् । जिल्ला प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले कार्यालयमा दर्ता भएकामध्ये २७८ उजुरी कारबाहीका लागि सम्बन्धित निकायमा पठाइएको तथा त्यसमध्ये ४० वटा उजुरी फर्स्योट भएको जानकारी दिए । बाँकी उजुरीमा आवश्यक कारबाही तथा फर्स्योट प्रक्रिया अगाडि बढाइएको उनले बताए ।

यसैगरी गत आवमा अनुचित लेनदेन (मिटरब्याजी) सम्बन्धी एक हजार १४५ वटा निवेदन दर्ता भएकामा ६०२ वटा मुद्दा फर्स्योट भएको प्रहरी उपरीक्षक तिवारीले जानकारी दिए । यसक्रममा २५ बिघाभन्दा बढी जग्गापीडितलाई फिर्ता गराइएको र २४ करोड ५९ लाख रूपैयाँभन्दा बढी रकम रकम असुल गराइएको थियो ।

सोही अवधिमा ८७९ फरार प्रतिवादी पक्राउ गर्न सफल भएको तिवारीले बताए । साथै भन्सार चोरी-निकासीबाट नौ करोड ५६ लाख तीन हजार रूपैयाँभन्दा बढी रकम राजस्व संकलन गरिएको, ठूलो मात्रामा लागुऔषध जफत, जनकपुरको विभिन्न स्थानमा ७४ वटा नयाँ सिसिटिभी जडान तथा ६२ वटा मर्मत गराइएको कार्यालयले जनाएको छ । गत आवमा एक हजार ९० वटा सवारी दुर्घटना, ७३ जनाको मृत्यु, ४०५ जना गम्भीर घाइते तथा एक हजार ३२० जना सामान्य घाइते भएका प्राप्त विवरणमा उल्लेख छ ।

# श्रमदान गरेर अवरुद्ध सडक सञ्चालन



**भोजपुर**– जिल्लाको टेम्केमैयुङ गाउँपालिका-९ लेखर्कवासीले श्रमदान गरेर अवरुद्ध सडक सञ्चालन गरेका छन् । वर्षाका कारण पाँचधारे-भोजपुर सडकको केही भाग राउतेखोलाले बगाएपछि श्रमदान गरेर सञ्चालनमा ल्याइएको हो ।

वर्षाले बगेको सडक तीन सातासम्म बन्द रहेकाले स्थानीयवासीको सक्रियतामा मर्मत गरेर सञ्चालनमा ल्याइएको वडाध्यक्ष नवराज माङपाहाङले बताए । 'अवरुद्ध सडक मर्मत गरेर सञ्चालनमा ल्याएका छौं,' उनले भने, 'सडक मर्मतपछि लामो समयबाट बन्द रहेको सडक सञ्चालन भएको छ । खहरे भएकाले पानी आउनासाथ सडकमा ठूलो क्षति हुन्छ । खोलाको कटानका कारण बर्सेनि ठूलो क्षति हुने भएकाले वैकल्पिक बाटो खोज्न आवश्यक छ ।'

राउतेखोलाको शिरमा रहेको रूपाथुम्की आसपासको अर्को सडक पनि पहिराले बगाउँदा आवतजावतमा समस्या भएको उनले जानकारी दिए । करिब ७० जना स्थानीय भेला भएर तत्कालका लागि राउतेखोलाको अवरुद्ध सडक खुलाएको स्थानीयवासी अमृत लुईँटेलले बताए । वडा कार्यालयको अगुवाइमा भइरहेको श्रमदान अभियानमा गाउँले सहभागी भएर सडक मर्मत गरिएको उनले बताए ।

यो सडक भएर छिमेकी जिल्ला खोटाङका नागरिकसमेत आवतजावत गर्दै आएका छन् । सडक अवरोध बनेपछि भोजपुरको पश्चिमी क्षेत्रका नागरिकसँगै छिमेकी जिल्ला खोटाङका नागरिकलाई आवतजावत दैनिक उपभोग्य वस्तुको ढुवानी समस्या हुने गरेको स्थानीयवासी अञ्जित गुरुङले बताए ।

'हामी पश्चिमी क्षेत्रका नागरिकसँगै छिमेकी जिल्ला खोटाङवासीका निम्ति पनि महत्त्वपूर्ण सडक हो,' उनले भने, 'सडक अवरोध हुँदा यहाँको दैनिकी निकै कष्टर हुन्छ । राज्यले यो सडकलाई विनाअवरोध बाह्रै महिना सञ्चालनमा ल्याउन पहल गर्न आवश्यक छ ।' स्थानीयको सक्रियतामा मात्र सडक सञ्चालन गर्न निकै कठिन हुने उनी बताउँछन् । *रासस*


नेपाल सरकार
**कम्पनीको रजिष्ट्रारको कार्यालय**
त्रिपुरेश्वर, काठमाडौं

**कम्पनीको नाम तथा ठेगाना परिवर्तन सम्बन्धमा**

त्यस कम्पनीको मिति २०८१-०३-२५ मा सम्पन्न एकल शेयर धनीको विशेष बैठकको निर्णय बमोजिम तपसिलमा उल्लेखित शर्तहरु पालना गर्ने गरी त्यस कम्पनीको नाम तथा ठेगाना तपसिल बमोजिम परिवर्तन गरी त्यस कम्पनीको प्रबन्धपत्रक दफा (१) (२) र नियमावलीको नियम (१) (२) मा संशोधन गरी अद्वैता एड्भाइजर्स एड्भाइजर्स प्रा.लि. कायम गर्न गरिएक संशोधनलाई स्वीकृत प्रदान गरी संशोधित प्रबन्धपत्र नियमवलीलाई अभिलेख गरी सोको १/१ प्रति यसैसाथ पठाइएक व्यहोरा मिति २०८१/०३/२८ को निर्णयानुसार जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०८/११ मा दर्ता भएको **प्रा.लि. नं. २०३१६१** को **डिजिबाइट आइ.टी. सोलुसन्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०४/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अनलाइन दर्ता खारेजी सूचना**

सूचना तथा प्रशारण विभागमा दर्ता नं. ३४९४-०७८/७९ मिति: २०७९/०३/२८ मा दर्ता रहेको इन्द्रेणी सञ्चार डिजिटल प्रा.लि.द्वारा सञ्चालित www.indreni.com नामक अनलाइन पत्रिकाको दर्ता खारेज गरिने हुँदा यस अनलाइन संग सम्बन्धित कुनै श्रमजिवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति: २०८१/०४/२२ भित्र यस कम्पनीको ठेगाना काठमाण्डौं महानगरपालिका १० बुद्धनगर, ९८४१४८९८३५ वा indrenifoundation@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ ।
साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**भेरी अस्पताल**
नेपालगन्ज, बाँके

**आधिकारिक बिक्रेतामा सुचिकृत हुन र दररेट पेश गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१।०४/०६)

आ.व. २०८०।८१ मा यस अस्पतालको प्रयोगशाला तथा एक्स-रे विभागमा रहेका निम्नानुसारका मेशिनरी उपकरणका लागि प्रयोग हुने केमिकल्स, किट्स तथा एक्स-रे फिल्महरू प्रोप्राइटरी मालसामानका (Closed Items) रूपमा खरिद गर्नका लागि सम्बन्धित उपकरणका उत्पादक कम्पनी अथवा सो कम्पनीका नेपाल स्थित आधिकारिक बिक्रेतासँग सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा ४१ को १(ग) एवम् सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ८५ को ३ र ३(क) मा व्यवस्था भए बमोजिम खरिद गर्नुपर्ने भएकोले आधिकारिक बिक्रेतालाई सुचिकृत हुन तथा दररेट पेश गर्नका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाइ जानकारी गराइन्छ ।

| S. N. | Name of Equipments | S. N. | Name of Equipments |
|---|---|---|---|
| 1. | **Fully Automated Biochemistry Analyzer** | 2. | **Fully Automated Hormone Analyzer** |
| | DIURI 400 test/hr | | BECKMAN COULTER |
| | RANDOX IMOLA 400 test/hr | | MINDRAY CL-200 i |
| | MONACO 170 test/hr | | MAGLUMI 800 |
| | ZYBIO 170 test/hr | | |
| | ZYBIO 420 | | |
| 3. | **Fully Automated Hematology Analyzer** | 4. | **Nephelometer/FIA** |
| | SYSMEX 7 PART (MODEL NO. XN 1000/XN 550) | | GOLDSITE GPP-100 |
| | DYMIND 5 PART | | FINE CARE III PLUS |
| | MEDONIC 3 PART | | OMLIPO |
| | ERBA 5 PARTS (ELITE 580) | | |
| 5. | **Fully Automated HPLC Electrophoresis** | 6. | **Blood Coagulator** |
| | BIORAD D10 | | STAGO for PT INR |
| | LIFOTRONIC H9 | | AGAPPE for PT INR |
| | | | SYSMEX for PT INR |
| | | | ERBA PTINR(ECL 760) |
| 7. | **Electrolyte Analyzer (Na+/K+)** | 8. | **Fully Automated Arterial Blood Gas Analyzer** |
| | JOKHO | | NOVA |
| | HDC LYTE | | EDAN |
| | EXIAS | | URINE ANALYZER (AVE 772) |
| | EAYLYTE | | ESR MINI CUBE(DIESSE) |
| 9. | **X-ray Film** | | |
| | KONICA MINOLTA DR SD-Q | | |
| | AGFA DRYSTAR | | |

**डा. प्रकाश बहादुर थापा**
-निमित्त प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट

# प्रभाव दैनिक

सोमबार, ०७ साउन २०८१ (Monday, July 22, 2024)





## रोहित र सुरूक्षाको प्रणय गीत

गायक हिमाल सागरको आवाजमा रहेको 'पहिलो गीत' सार्वजनिक भएको छ । दीपकप्रसाद आचार्यको शब्द रचना तथा सन्तोष सुनुवारको संगीत रहेको गीतमा सुरक्षा इटानी र रोहित अधिकारीको अभिनय रहेको छ । अमेरिकामा व्यवसाय गर्दै आएका रोहितको यो डेब्यु म्युजिक भिडियो हो । दीपकप्रसादकै निर्देशनमा तयार भएको भिडियोको सिनेम्याटोग्राफी, सम्पादन तथा रंग संयोजन पवन सुस्लिङले गरेका हुन् । यस गीतमा तेञ्जु योञ्जनको कोरियोग्राफी रहेको छ ।






## अरुणको सम्झनामा
# जति माया लाए पनि...

■ रामबहादुर थापा

**गण्डकी–** साँझ छिप्पिँदै थियो । मधुरो उज्यालोमुनि कलाकार भुइँमा पलेंटी कसे । बागलुङ बजारको एक प्रतीक्षालयमा संगीतप्रेमी व्यग्र थिए, गीतसंगीत सुन्न र त्यसको तालमा रमाउन । विस्तारै गुञ्जियो 'तिमी रामराम भजी बाँच' । यही भजनबाट शनिबार गायक अरुण थापा मगरको २५औं स्मृति दिवस 'अरुण स्मृति साँझ' आरम्भ भयो ।

दिवसका अवसरमा नेपाल मगर युवा संघ, नेपाल मगर विद्यार्थी संघ, नेपाल मगर सांस्कृतिक संघ र नेपाल मगर विद्यार्थी संघ धवलागिरि बहुमुखी क्याम्पस एकाइ समिति बागलुङले संयुक्तरूपमा 'अरुण स्मृति साँझ' आयोजना गरेका हुन् । भजन गायक रमेश राजभण्डारीले अरुणले गाएको भजनसँगै उनीसँगका स्मृतिलाई कोटचाए । अरुणले आफ्नो जीवनकालमा यही एउटा मात्र भजन गाएको उनले सुनाए ।

उनीहरूबीच वि.सं. २०३० तिर पोखरामा भेट भएको थियो । त्यो बेला अरुणले पोखराको डाँफे कला मन्दिरमा गीत गाउँथे । 'गायनसँगै गितारवादनमा पनि उहाँ सिद्धहस्त हुनुहुन्थ्यो,' राजभण्डारीले भने, 'भारतीय गायक किशोर कुमारबाट बढी प्रभावित हुनुहुन्थ्यो अरुण थापा मगर ।' राजभण्डारीले नेपाली संगीत जगतका अमर प्रतिभाका रूपमा उनलाई स्मरण गरे ।

अरुणका गीत युवा पुस्तामाझ बढी लोकप्रिय रहेका राजभण्डारीले बताए । अरुणका अधिकांश गीतमा मानवीय संवेदना, प्रेम र वियोगको अभिव्यक्ति पाइन्छ । कार्यक्रममा राजभण्डारीपछि पालैपालो अरू कलाकारले अरुणका गीत सुनाए । आफ्ना मनप्रिय गायकका गीत सुन्दा दर्शक मुग्ध देखिन्थे । उनीहरू साँझ अबेरसम्म संगीतमा झुमिरहे । प्रेक्षालयमा घरी गहिरो मौनता छाउँथ्यो, घरी वाहीवाही चल्थ्यो ।

प्रेम र वैवाहिक सम्बन्धको दुःखान्त अन्त्यपछि अरुणले गाएका 'जति माया लाए पनि...,' 'चोट के हो व्यथा के हो...' जस्ता लोकप्रिय गीतमा कलाकारलाई दर्शकले खुलेर साथ दिए । आफ्ना आदर्श गायकको सम्झनामा गायक शुभराम भारी, ताराप्रसाद श्रेष्ठ, किशोर थापालगायत पलेंटीमा प्रस्तुत भए । अरुण थापाको चर्चित गीत 'ऋतुहरूमा तिमी...' गायक श्रेष्ठले सुनाए । किशोर थापाले 'भुलुँभुलुँ लाग्यो मलाई...,' 'चोट के हो व्यथा के हो...'लगायत गीत गाए ।

कलाकार प्रेम बुढामगरले थापाको लोकप्रिय गीत 'जति माया लाए पनि...' र सागर सुनारले 'आँखाको निद...' सुनाए । शुभराम भारीले अरुणलाई समर्पित गर्दै नारायणगोपालद्वारा स्वरबद्ध 'आजै र राति के देखेँ सपनी...' र 'अल्झेछ क्यारे पछ्यौरी...' प्रस्तुत गरे । वाद्यवादनमा कलाकार सूर्य घतानेलगायतले साथ दिए । अरुण थापाका दर्जनभन्दा बढी चर्चित गीत कार्यक्रममा प्रस्तुत भए । अरुणले आफ्नो जीवनकालमा झण्डै ५० गीत गाएका छन् ।

गायक अरुण थापा मगरको सम्मानमा स्मृति साँझको आयोजना गरिएको नेपाल मगर विद्यार्थी संघ बागलुङका कार्यवाहक अध्यक्ष डम्मर बुढामगरले बताए । कार्यक्रममा नेपाल मगर संघका जिल्ला सदस्य संगम घर्तीमगरले अरुणको व्यक्तित्वबारे चर्चा गरेका थिए । उनले अरुण थापा जनमानसमा लोकप्रिय गायकका रूपमा स्थापित भए पनि तत्कालीन समयमा राज्यको उपेक्षामा परेको उल्लेख गरे ।

'सुरुको कालखण्ड सुखद् रहे पनि अरुण थापाको जीवन वियोगान्त ढंगले टुंगिन पुग्यो,' उनले भने, 'उहाँ जत्तिको गायकलाई राज्यकै तवरबाट सम्मान दिइनुपर्थ्यो तर आज मगर समुदायले मात्र सम्झनुपर्ने विडम्बनापूर्ण अवस्था छ ।' अरुणले वि.सं. २०३४ मा गाएको 'ऋतुहरूमा तिमी हरियाली वसन्त हौं' बिबिसीले गरेको सर्वेक्षणमा विश्वका उत्कृष्ट १० गीतमध्ये सातौं स्थानमा पर्न सफल भएको थियो ।

नेपाली सुगम संगीतलाई विश्वजगतमा चिनारी गराउने श्रेय पनि गायक अरुणलाई दिइन्छ । वि.सं. २००९ माघ ११ गते भारतको कलकत्तामा जन्मिएका अरुणको २०५६ साउन ५ गते काठमाडौंको एक होटलमा देहान्त भएको थियो । जीवनको आखिरीतिर गम्भीररूपमा अस्वस्थ भई उनले मृत्युवरण गर्नुपरेको थियो । ४७ वर्षको छोटो आयु बाँचे पनि गायक अरुणले नेपाली सुगम संगीतलाई कालजयी गीतहरू छोडेर गएका छन् ।

अरुणले विसं २०३२ मा रेडियो नेपालमा स्वरपरीक्षा उत्तीर्ण गरेपछि आश्विन गुरुङको रचना र ओमविक्रम विष्टको संगीतमा 'कतै टाढा तिमीबाट पुगेँ भने सम्झेर नरुने ठूलो छ संसार' बोलको गीत 'रेकर्ड' गराएका थिए । यही गीतबाट अरुणको सांगीतिक यात्रा सुरु भएको थियो । उनको पहिलो गीतले सोचेजति सफलता पाउन सकेन ।

वि.सं. २०३४ को अन्त्यतिर गाएको 'ऋतुहरूमा तिमी' र २०३६ मा सार्वजनिक 'जति माया लाए पनि' बोलको गीतले अरुण थापालाई एकाएक चर्चामा ल्याएको थियो । नेपाल मगर विद्यार्थी संघलगायतका संघसंस्थाले बर्सेनि अरुण स्मृतिका दिवसका अवसरमा 'अरुण स्मृति साँझ'को आयोजना गर्दै आएका छन् । *रासस*

## रंगशाला

## भानुभक्त विद्यालयमा मैत्रीपूर्ण नेटबल खेल सम्पन्न




**काठमाडौं (प्रस)–** भानुभक्त मेमोरियल विद्यालयको ५९औं वार्षिकोत्सवको अवसरमा मैत्रीपूर्ण नेटबल खेल सम्पन्न भएको छ ।

पानीपोखरीस्थित विद्यालयमा आयोजित खेलमा आयोजक भानुभक्तसँगै ज्ञानोदय बालबाटिका स्कुल र मल्पी इन्टरनेसनल स्कुलको सहभागिता रहेको थियो । उक्त खेलमा सहभागी भानुभक्त मेमोरियलले मल्पी इन्टरनेसनललाई पराजित गरेको थियो ।

कार्यक्रम नेपाल नेटवल संघका महासचिव दीपक लामाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । महासचिव लामाले मन्तव्यको क्रममा खेलले मित्रता, सौहार्द्रता, अनुशासन तथा शारीरिक र मानसिक विकास गराउने बताए । कार्यक्रम विद्यालयकी प्रधानाध्यापक ईश्वरी ढुंगानाको सभापतित्वमा भएको हो । मैत्रीपूर्ण खेलमा सहभागी सबै प्रतियोगी विद्यार्थीहरूलाई हौसलास्वरूप मेडल र प्रमाणपत्र वितरण गरिएको थियो ।

## नेपाल रसियन टोलीसँग पराजित

**काठमाडौं (प्रस)–** नेपाली महिला राष्ट्रिय भलिबल टोली मैत्रीपूर्ण खेलमा रसियन टोलीसँग पराजित भएको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा आइतबार भएको पहिलो मैत्रीपूर्ण खेलमा नेपाल रसियन टोलीसँग ३-० को सोझो सेटमा पराजित भएको हो ।

पहिलो सेट रसियाले २५-१७ ले जितेको थियो भने दोस्रो सेट २५-१९ र तेस्रो सेट २५-१५ ले आफ्नो पक्षमा पार्‍यो । नेपालले काभा नेसन्स लिगको तयारीस्वरूप रसियासँग मैत्रीपूर्ण भलिबल खेलेको हो । यही साउन १७ गतेदेखि राखेप कभर्डहलमा हुने काभा नेसन्स लिगमा आयोजक नेपालसहित भारत, इरान, श्रीलंका र माल्दिभ्स सहभागी हुँदै छन् । नेपालले रसियासँग आज दोस्रो मैत्रीपूर्ण खेल खेल्ने छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CATERING CARES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/0६ LT. No. 307770 चलानी नं. ६०२२२४६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 10 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : CATERING CARES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/0६ LT. No. 307771 चलानी नं. ६०२२२४६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 10 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १४ गते (29th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAS MANPOWER COMPANY

पूर्व स्वीकृति मिति २०८१/0१/0७ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/0६ LT. No. 303614 चलानी नं. ६०२१८३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 50 | 0 | 1800 | ६४,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १४ गते (29th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np
श्रम इजाजत नं. १८५/०५७/०५८

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LINES COMPANY FOR DELIVERING CONSUMER ORDERS

पुर्व स्वीकृति मिति २०८१/0२/२७ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/0६ LT No :306081 चलानी नं. ६०२२०८३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver/light Driver/light Vehicle Driver | 65 | 0 | 135 | ५८,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ADVANCED TECHNOLOGY COMPANY KSC

पुर्व स्वीकृति मिति २०८०/0९/२६ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/0६ LT No :297670 चलानी नं. ६०२११९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Nurse | 50 | 50 | 280 | १२१,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 10 | 10 | 120 | ५१,९९० | | | | | | | |
| 3 | Dental Hygienist / Dental Assistant | 0 | 20 | 450 | १९४,९७० | | | | | | | |
| 4 | Driver | 10 | 0 | 135 | ५८,४९० | | | | | | | |
| 5 | Nurse | 50 | 50 | 350 | १५१,६४५ | | | | | | | |
| 6 | Security Guard | 20 | 0 | 125 | ५४,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १४ गते (29th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHINING HOSPITALITY CLEANING & CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/१२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/0६ LT. No. 303137 चलानी नं. ६०२१८००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 2 | 3 | 1000 | ३६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labor | 2 | 0 | 1000 | ३६,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १४ गते (29th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Global Recruitment Group Pvt.Ltd.
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREP FOOD SUPPLIES COMPANY

पुर्व स्वीकृति मिति २०८१/0२/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/0६ LT. No. 305986 चलानी नं. ६०२२०७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 0 | 150 | ६५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 6 | 0 | 120 | ५२,२५५ | | | | | | | |
| 3 | Commi 1. | 4 | 0 | 150 | ६५,३२० | | | | | | | |
| 4 | Cook | 8 | 0 | 250 | १०८,८८५ | | | | | | | |
| 5 | Labor | 4 | 0 | 120 | ५२,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १४ गते (29th July 2024) मा हुनेछ ।
नोट: Pastry chef, Demi chef, Sous Chef र CDP लाइ पहिलो प्राथमिकता दिईनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Future Star Manpower Pvt. Ltd.
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com
श्रम इजाजत नं. ३९७/०६०/०६१

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ATLAL AL JAZEERA CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/04/0६ LT. No. 307730 चलानी नं. ६०२२४५५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office & facility Cleaner | 5 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन १४ गते (29th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Elite Gurkhas Overseas Pvt. Ltd.
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1- 4975567, 4975568
Fax: 977-1-4975566, E-mail: info@elitegurkhas.com.np, Web: www.elitegurkhas.com.np
श्रम इजाजत नं.५३५/०६१/०६२

बंगलादेशको सर्वोच्च अदालतको ठहर

# आरक्षणसम्बन्धी तल्लो अदालतको फैसला 'गैरकानुनी'



**ढाका–** बंगलादेशको सर्वोच्च अदालतले यस वर्षको जुन ५ मा गरिएको आरक्षणसम्बन्धी फैसलालाई 'गैरकानुनी' ठहर गरेको छ ।

एक महिना पहिले तल्लो अदालतले सन् २०१८ मा सरकारी नोकरीमा आरक्षण नदिनेगरी गरिएको सरकारको अधिसूचनालाई उल्टाउँदै आरक्षणको पक्षमा फैसला दिएको थियो । विवादास्पद निजामती सेवा भर्ती नियमहरू पूर्णरूपमा खारेज गर्न गरिएको सार्वजनिक मागलाई बेवास्ता गरेको विपक्षीहरूको आरोप छ ।

आरक्षण दिने निर्णयले देशव्यापीरूपमा प्रहरी र विश्वविद्यालयका विद्यार्थीहरूबीच झडप निम्त्याएको थियो । आन्दोलनका क्रममा १५१ जनाको मृत्यु भएको छ। सरकारी जागिरका लागि राजनीतिकरण गरिएको भर्ना कोटाको विरोधमा सुरु भएको विरोधमा यसै साता सुरू भएको प्रदर्शन प्रधानमन्त्री शेख हसिनाको कार्यकालको सबैभन्दा खराब अशान्तिमा परिणत भएको छ ।

दंगा प्रहरीले सुव्यवस्था कायम गर्न नसकेपछि बंगलादेशका विभिन्न सहरमा सैनिकले गस्ती गरिरहेका छन् भने बिहीबारदेखि देशव्यापी इन्टरनेट अवरोध भएको र यसका कारण बाहिरी विश्वमा सूचना प्रवाहमा समस्या भएको छ । सर्वोच्च अदालतले हालै पुनः सुरु गरिएको सरकारी जागिरका आवेदकहरूको चयनका लागि आरक्षित योजनाको वैधताको बारेमा अर्को महिना निर्णय गर्ने तालिका रहेको थियो, तर देशव्यापी संघर्ष तीव्र भएपछि आफ्नो निर्णयलाई एक महिना पहिले नै सुनाएको छ ।

बंगलादेशका महान्यायाधिवक्ता एएम अमीन उद्दीनले एएफपीसँग भने, 'गत महिना तल्लो बेञ्चले यो योजना पुनः लागू गर्न दिएको आदेश 'गैरकानुनी' थियो र सर्वोच्च अदालतबाट यही फैसला भएको छ ।

यस मुद्दामा संलग्न वकिल शाह मोञ्जुरुल हकले एएफपीलाई बताएअनुसार अदालतले आफ्नो फैसला सुनाएपछि प्रदर्शनकारी विद्यार्थीहरूलाई 'कक्षामा फर्कन' पनि भनेको छ। यो फैसलाले आरक्षित रोजगारीको संख्यालाई सबै पदहरूको ५६ प्रतिशतबाट घटाएर सात प्रतिशतमा झारेको छ, तर प्रदर्शनकारीहरूको माग पूरा गर्न असफल भएको छ ।

सन् १९७१ मा बंगलादेशले पाकिस्तानविरुद्ध गरेको स्वतन्त्रता संग्राममा 'स्वतन्त्रता सेनानीहरू' का छोराछोरीका लागि सबै सरकारी जागिरको पाँच प्रतिशत आरक्षण गरिएको थियो । बंगलादेशको कानुनअनुसार एक प्रतिशत आदिवासी समुदायका लागि र अर्को एक प्रतिशत अपांगता भएका वा तेस्रो लिंगीका लागि छुटचाइएको थियो भने बाँकी ९३ प्रतिशत पदको निर्णय योग्यताका आधारमा गरिने अदालतले जनाएको छ ।

आलोचकहरू भन्छन्, 'स्वतन्त्रता सेनानी श्रेणी युवा स्नातकहरूका लागि छुट्टाइएको आरक्षण व्यवस्था प्रधानमन्त्री हसिनाको सत्तारूढ अवामी लिगका वफादारहरूलाई भर्ना गर्न प्रयोग हुन थालेपछि आन्दोलन उर्लेको हो ।' विद्यार्थीहरूले महिला र देशका विशिष्ट जिल्लाहरूका लागि अन्य कोटासहित उक्त श्रेणीको पूर्णउन्मूलनको माग गरेका थिए । *रासस/एएफपी*




इण्डोनेसियाको बान्डा आचेमा इस्लामिक नयाँ वर्षको अवसरमा आइतबार आयोजित ¥यालीमा परम्परागत इन्डोनेसियाली पोसाक लगाएर सहभागी भएका विद्यार्थीहरू । *तस्बिरः एएफपी*

# बोलिभियामा सडक दुर्घटना, २२ जनाको मृत्यु




**लापाज–** बोलिभियाको एन्डिज क्षेत्रको राजमार्गमा शनिबार ट्रक र बसबीच टक्कर हुँदा २२ जनाको मृत्यु हुनुका साथै १६ जना घाइते भएको प्रहरीले जनाएको छ । मृतकमध्ये समाचार तयार पार्दासम्म १४ जनाको मात्र पहिचान भएको प्रहरीले जनाएको थियो । मृत्यु हुनेमध्ये एक जना चिलीका नागरिक रहेको चिलीको विदेश मन्त्रालयले बताएको छ ।

दुवै सवारीका चालकको मृत्यु भएको अधिकारीले बताएका छन् । बोलिभियाको पटाकामाया सहर र उत्तरी चिलीको टम्बो क्वेमाडो सहर जोड्ने सडकमा भएको दुर्घटनामा यस वर्षकै सबैभन्दा बढी मानवीय क्षति भएको ट्राफिक अधिकृत निलो टोरिकोले बताएका छन् ।

दुई दक्षिण अमेरिकी देशलाई जोड्ने व्यस्त व्यापारिक र पर्यटन मार्ग हुँदै बस चिलीतर्फ गइरहेको थियो । 'प्रारम्भिक अनुसन्धानअनुसार ट्रकले बसलाई गलत लेनबाट ओभरटेक गर्न खोजेको देखाइएको छ,' ट्राफिक अधिकृत टोरिकोले भने, 'ट्रकले सवारी नियमको उल्लंघन गरेको र यो दुर्भाग्यपूर्ण दुर्घटना भएको देखिन्छ ।'

उद्धारकर्ताहरूले दुर्घटनाग्रस्त सवारीसाधनहरूमा फसेका शव निकालेको टोरिकोले जानकारी दिए । बोलिभियामा हरेक वर्ष औसत एक हजार ४०० जनाको सवारी दुर्घटनाबाट मृत्यु हुने गरेको सरकारी तथ्यांकले देखाएको छ । बोलिभियामा सडक दुर्घटना मुख्यतया चालकको लापरवाही र पुराना सडक र गाडीका कारण हुने गरेको देखिन्छ ।

अप्रिल ४ मा दक्षिणपश्चिमी बोलिभियाको व्यस्त सडकमा भएको दुर्घटनामा १४ जनाको मृत्यु भएको थियो भने दुई जना घाइते भएका थिए । *रासस/एएफपी*

# भारतसँग युरोपको आपूर्तिकर्ता बन्न सक्ने ठूलो अवसर

**नयाँ दिल्ली–** स्विस संसद्का सदस्य तथा स्विस-भारत संसदीय समूहका अध्यक्ष निक गुगरले युरोपेली देशमा फैलिरहेको सस्तो चिनियाँ उत्पादनबारे बढिरहेको चिन्ताका बीच भारतसँग युरोपमा आफ्नो आपूर्ति विस्तार गर्ने ठूलो अवसर रहेको बताएका छन् ।

'भारतको लागि यो ठूलो मौका हो भन्ने हामीलाई लाग्छ,' गुगरले भने, 'हामीलाई अन्य देशबाट सस्तो उत्पादनहरू आवश्यक पर्दैन र हामीसँग उनीहरूसँग स्वतन्त्र व्यापार सम्झौता छ जहाँ हामी उच्च गुणस्तरीय सेवासँगै काम गर्न चाहन्छौं भनेर विश्वलाई देखाउने मौका छ र यो सही अवसर हो ।'

युरोपेली युनियनले विद्युतीय सवारीसाधन, सौर्य प्यानल र विन्ड टर्बाइनलगायत सस्तो चिनियाँ उत्पादनहरू उनीहरूको बजार र स्थानीय हितलाई हानी पुऱ्याउने कुरामा चिन्ता व्यक्त गर्दै आएको छ । यसबाहेक भारतमा रहेका स्विस सांसदले भारत र चार युरोपेली देश (स्विट्जरल्यान्ड, आइसल्याण्ड, नर्वे र लिचेन्स्टाइन) बीचको व्यापार र आर्थिक साझेदारी सम्झौताको विषयमा पनि कुरा गरेका छन् ।

भारत-युरोपेली स्वतन्त्र व्यापार संघले सन् २०२४ को मार्च १० मा व्यापार र आर्थिक साझेदारी सम्झौता (टिइपिए) मा हस्ताक्षर गरेको थियो । सन् १९६० मा यसको चार सदस्य राष्ट्रहरूबीच स्वतन्त्र व्यापार र आर्थिक एकीकरणको प्रवर्द्धनका लागि स्थापित एक अन्तरसरकारी संस्था टिइपिए हो । यो स्वतन्त्र व्यापार सम्झौता भारतले युरोपका चार देशसँग गरेको पहिलो व्यापार सम्झौता हो । यसले दुवै पक्षका लागि विभिन्न अवसरहरू प्रदान गरेको छ ।

'मुम्बईमा पहिलोपटक आइतबार व्यापार र आर्थिक साझेदारी सम्झौतासम्बन्धी कार्यक्रम हुने छ,' उनले भने । उनले भारत-स्विजरल्याण्ड द्विपक्षीय सम्बन्धबारे पनि कुरा गरे । 'हामी भारत-स्विजरल्याण्ड सम्बन्धको ७६औं वर्षमा छौं । हामीले हाम्रो मित्रता सन्धिबाट मात्र नभई हाम्रो स्वतन्त्र व्यापार सम्झौताबाट पनि सुरु गरेका छौं,' उनले भने । *रासस/एएनआई*

# टर्कीबाट विद्युत् आयात गर्दै इराक



**बगदाद–** इराकले आइतबार टर्कीबाट नयाँ विद्युत् लाइनमार्फत उसको उत्तरी प्रान्तमा विद्युत् ल्याउने बताएको छ । दीर्घकालीन विद्युत् कटौतीलाई कम गर्न मुलुकको ऊर्जा स्रोतहरूमा विविधता ल्याउने लक्ष्य रहेको अधिकारीहरूले बताएका छन् ।

प्रधानमन्त्री कार्यालयको विज्ञप्तिअनुसार ११५ किलोमिटर लाइन मोसुलको पश्चिम किसिक विद्युत् संयन्त्रसँग जोडिएको छ र टर्कीले इराकको उत्तरी प्रान्तहरू निनवेह, सलाह अल-दिन र किर्कुकमा ३०० मेगावाट विद्युत् उपलब्ध गराउने छ । प्रधानमन्त्री मोहम्मद शिया अल-सुदानीले नयाँ लाइन इराकलाई छिमेकी मुलुकहरूसँग जोड्ने 'रणनीतिक' कदम भएको बताए । विद्युत् मन्त्रालयका प्रवक्ता अहमद मौसाले लाइन आइतबारदेखि सञ्चालनमा आएको जानकारी दिए ।

दशकौंको युद्धले इराकको पूर्वाधारलाई दयनीय अवस्थामा छाडेको छ । भीषण गर्मीमा तापक्रम प्रायः ५० डिग्री सेल्सियससम्म पुग्दा विद्युत् कटौतीले अवस्था अझ खराब हुन्छ । कतिपय घरमा प्रतिदिन केही घन्टाका लागिमात्र विद्युत् हुन्छ र खर्च गर्न सक्नेहरूले फ्रिज र एयर कन्डिसनर चलाउन निजी जेनेरेटरको प्रयोग गर्दछन् ।

विशाल तेल भण्डारका बाबजुद इराक आफ्नो ऊर्जा आवश्यकताहरू पूरा गर्न आयातमा निर्भर छ । इराक ऊर्जा आयातका लागि विशेषगरी छिमेकी इरानमा निर्भर छ तर इरानले नियमितरूपमा आपूर्ति कटौती गर्दछ ।

प्रधानमन्त्री सुदानीले बारम्बार विद्युत् कटौतीलाई कम गर्न इराकले ऊर्जा स्रोतहरूमा विविधता ल्याउनुपर्ने आवश्यकतामा जोड दिएका छन् । इरानी ग्यासमा आफ्नो निर्भरतालाई कम गर्न बगदादले खाडी मुलुकहरूसँग आयातलगायत धेरै सम्भावनाको खोजी गरिरहेको छ । मार्चमा जोर्डनबाट इराकको दक्षिण-पश्चिममा अल-रुतबासम्म विद्युत् ल्याउनका लागि ३४० किलोमिटर विद्युत् प्रसारणलाइनको सञ्चालन सुरु भएको छ । *रासस/एएफपी*

# लोकतन्त्रका लागि गोलीको चोट सहनुपऱ्यो : ट्रम्प

**ग्रयाण्ड ¥यापिड्स, संयुक्त राज्य अमेरिका–** अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले मिशिगनको एक ¥यालीमा आफूमाथि भएको घातक आक्रमणलाई उद्धृत गर्दै आफूले 'लोकतन्त्रका लागि गोली खाएको' बताएका छन् ।

अमेरिकी राष्ट्रपति चुनावमा आफ्नो उम्मेदवारीको पक्षमा प्रचार गरिरहेका ट्रम्पले आफूमाथि भएको आक्रमणपछि पहिलोपटक चुनावी ¥यालीलाई सम्बोधन गरेका हुन् । उनको साथमा रिपब्लिकन पार्टीका उपराष्ट्रपति पदका उम्मेदवार जेडी वायन पनि थिए ।

शुक्रबार उनले खचाखच भरिएको ¥यालीस्थल ग्रान्ड ¥यापिड्समा डेमोक्रयाट्सले आफूलाई लोकतन्त्रका लागि खतरा भन्दै आएको बताएका थिए । उनले तालीको गडगडाहटबीच आफू 'ह्वाइट हाउस फिर्ता लिन' तयार रहेको बताएका थिए ।

पूर्वराष्ट्रपति ट्रम्पमाथि गत साता भएको आक्रमणको अनुसन्धान भइरहेको छ । आक्रमणमा गोलीले ट्रम्पको कानमा लछारेको थियो । गत शनिबार ट्रम्प कानमा पट्टी बाँधेर रिपब्लिकन नेसनल कन्भेन्सनमा पुगेका थिए । तर मिशिगनको ¥यालीमा उनले आफ्नो कानमा पट्टी बाँधेका थिएनन् । *रासस/एएफपी*

# कम्बोडियामा साइबरसम्बन्धी अपराध प्रकरणमा फसेका १४ भारतीय नागरिकको उद्धार

**नोमपेन, कम्बोडिया–** कम्बोडिया अधिकारीसँगको सहकार्यमा भारतीय दूतावासले साइबर अपराध प्रकरणमा फसेका १४ जना भारतीय नागरिकको उद्धार गरेको छ। उनीहरू चाँडै घर फर्कने भारतीय दूतावासले एक विज्ञप्तिमार्फत जनाएको छ ।

सामाजिक सञ्जाल एक्सको एक पोस्टमार्फत कम्बोडियास्थित भारतीय दूतावासले बताएको छ, 'कम्बोडियाका अधिकारीको सहयोगमा साइबर अपराध प्रकरणमा फसेका १४ भारतीय नागरिकहरू रिहा भएका छन् । कम्बोडियाली पक्षले उनीहरूको हेरचाह गरिरहेको छ। दूतावासले उनीहरूको द्रूत घर फिर्तीका लागि काम गरिरहेको छ र उनीहरूको कल्याणका लागि प्रतिबद्ध छ ।'

'कम्बोडियाली अधिकारीसँग नजिकको सहकार्यमा दूतावासले जबरजस्ती अनलाइन ठगीमा फसेका ६५० भन्दा बढी भारतीय नागरिकहरूको उद्धार र स्वदेश फिर्ता गर्न सहयोग गरेको छ,' विज्ञप्तिमा भनिएको छ । भारतीय दूतावास कम्बोडियाका अधिकारीसँग निरन्तर सम्पर्कमा रहेको बताइएको छ । उद्धार गरिएका १४ जना भारतीय नागरिकको सुरक्षित र समयमै भारत फिर्ता सुनिश्चित गर्न आवश्यक औपचारिकता द्रुतरूपमा पूरा गर्न अनुरोध गरिएको विज्ञप्तिमा जनाइएको छ ।

'दूतावासले स्थितिलाई नजिकबाट निगरानी गरिरहेको छ र कम्बोडियामा भारतीय नागरिकहरूको रक्षा गर्न प्रतिबद्ध छ । भारतीय नागरिकहरूलाई देशमा कुनै पनि रोजगारीको प्रस्तावको सन्दर्भमा अत्यधिक सावधानी अपनाउन र कुनै पनि संदिग्ध गतिविधिबारे दूतावासलाई तुरुन्तै जानकारी गराउन सल्लाह दिइन्छ,' विज्ञप्तिमा भनिएको छ ।

यसअघि मे महिनामा कम्बोडियामा रहेको भारतीय दूतावासले कामका लागि कम्बोडिया जाने भारतीय नागरिकका लागि विदेश मन्त्रालयद्वारा अनुमोदित अधिकृत दलालमार्फत मात्र रोजगारी सुरक्षित गर्न सुझाव जारी गरेको थियो ।

'कम्बोडिया र दक्षिणपूर्वी एसियाली क्षेत्रमा रोजगारीका लागि जाने सबै भारतीय नागरिकहरूलाई यस क्षेत्रमा धेरै नक्कली दलालहरू कार्यरत रहेको जसले भारतीय दलालसँग मिलेर मानिसहरूलाई साइबरसम्बन्धी गैरकानुनी काम गर्ने कम्पनीमा रोजगारीको प्रलोभन दिइरहेका छन्,' दूतावासले भनेको छ ।

कम्बोडियामा रहेको भारतीय दूतावासका अनुसार दुबई, बैंकक, सिंगापुर र भारतजस्ता ठाउँहरूमा यी कम्पनीहरूसँग सम्बन्धित दलालले साधारण अन्तर्वार्ता र टाइपिङ परीक्षा लिएर उच्च तलब, होटल बुकिङ, फिर्ती हवाई टिकट र भिसा सुविधा प्रदान गर्ने प्रलोभनमा पारी भारतीय नागरिकहरूलाई अवैध साइबर गतिविधिमा संलग्न गराइरहेका छन् । *रासस/एएनआई*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १४७५०० | प्रति तोला – १४६८०० | प्रति तोला – १८३० |



**व्यावसायिक मौरीपालन** | दाङको घोराही उपमहानगरपालिका–१५ का विष्णु श्रेष्ठले व्यावसायिकरूपमा पालेका मौरी ।

*तस्बिरः रञ्जिता अधिकारी/रासस*

## प्रधानमन्त्री ओलीले संसद्मा मिथ्यांक प्रस्तुत गरेको आरोप

■ प्रभाव संवाददाता

**काठमाडौं–** निवर्तमान अर्थमन्त्री एवं नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकको अर्थतन्त्रमा चर्को निराशाको अवस्था देखाउन संसद्मा मिथ्यांक प्रस्तुत गरेको आरोप लगाएका छन् । प्रधानमन्त्री ओलीले विश्वासको मत लिन आइतबार बसेको प्रतिनिधिसभा बैठकमा बोल्दै उनले यस्तो आरोप लगाएका हुन् । 'वर्तमान प्रधानमन्त्रीको नेतृत्वमै तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को बहुमतको सरकार बनेको थियो । त्यतिखेरको अर्थतन्त्रको अवस्था, राष्ट्रको ऋणको अवस्था र आर्थिक वृद्धिदरको अवस्था हेर्दा अहिले हामी निकै राम्रो अवस्थामा पुगेका छौं,' पुनले भने, '२०७४/७५ देखि २०७७/७८ मा मुलुकको सार्वजनिक ऋण अत्यधिक बढेर मुलुकको कूल गार्हस्थ उत्पादनको तुलनामा उच्च बिन्दुमा पुगेको थियो ।'

अहिले समग्र अर्थतन्त्र केही समस्यामा रहेको भए पनि तथ्यांक बंग्याएर निराशा देखिनेगरी प्रस्तुत गर्न नहुने उनको धारणा छ । अहिले शोधनान्तर बचतमा रहेको, बाह्य क्षेत्र सन्तुलनमा रहेको, १३ महिनाको वस्तु तथा सेवा आयात गर्न सक्ने विदेशी मुद्रासञ्चिति रहेको, मुद्रास्फीति वाञ्छित सीमाभित्र रहेकोलगायत



सकारात्मक कुरालाई नजरअन्दाज गर्न नहुने पूर्वअर्थमन्त्री पुनको भनाइ छ ।

त्यस्तै, वैदेशिक व्यापार घाटा घट्दै गएको, पुँजीगत खर्च बढेको र समग्र अर्थतन्त्रको वृद्धिदर अपेक्षितरूपमा अगाडि बढिरहेको उनले बताए । आफू केन्द्रित गरेर तथ्यांक प्रस्तुत गर्दा त्यसले भोलिका दिनमा सरकारलाई समस्यामा पार्ने पुनको बुझाइ छ । अहिलेको सरकारले निराशा बाँड्न खोजेको भए पनि निराश हुनुपर्ने अवस्था नरहेको उनले बताए । गत आर्थिक वर्षमा सूचना प्रविधि क्षेत्रबाट करिब एक खर्ब रूपैयाँबराबरको निर्यात भएको उल्लेख गर्दै पुनले चालु आवको बजेटमार्फत सरकारले सूचना प्रविधि दशक र कृषिमा लगानी दशकका रूपमा घोषणा गरेकाले नवगठित सरकारले त्यसको स्वामित्व लिन्छ वा लिँदैन भनेर प्रश्न गरे । अर्थतन्त्र सुस्ताउँदा जलविद्युत् क्षेत्र र पर्यटन क्षेत्रमा प्रगति देखिएको जानकारी दिए । जलविद्युत् क्षेत्रमा नीतिको निरन्तरता भएका कारण त्यसले राम्रो नतिजा देखाएको उनको भनाइ छ ।

सरकारले ऋण लिएर प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत कार्यकर्तालाई पैसा बाँडेको आरोप पुनले लगाए । प्रधानमन्त्री ओलीको गृहजिल्लामा दमकको भ्युटावर बनेपछि हरेक गाउँगाउँमा भ्युटावर बनाउने खराब परिपाटी सुरु भएको उल्लेख गर्दै पुनले ठूला भवनलगायतका अनुत्पादक क्षेत्रमा ठूलो बजेट खर्च हुँदा पुँजी सिर्जना गर्न नसकेको बताए । सरकारले उत्पादन र उत्पादकत्व बढाउनेगरी सोचविचार गरेर बजेटको प्राथमिकता निर्धारण गर्नुपर्ने पुनको सुझाव छ ।

चालु आर्थिक वर्ष २०८१/८२ का लागि अघिल्लो सरकारले ल्याएको बजेटका राम्रा योजना तथा कार्यक्रम कार्यान्वयनको निरन्तरता दिन उनले आग्रह गरे । नयाँ सरकारप्रति विश्वास गर्न सक्ने अवस्था नदेखिएकाले आफ्नो दल माओवादी केन्द्रले समर्थन नगर्ने उनले स्पष्ट गरे । 'संविधानको जुन धारा र उपधारामा टेकेर प्रधानमन्त्री बन्नुभएको छ, जुन परिस्थिति, परिवेश र जस्तो गठबन्धन तोडेर अपारदर्शी ढंगले गठबन्धन बनाउनुभएको छ, यी सबै विषयका आधारमा उहाँप्रति हाम्रो दलको विश्वास छैन,' प्रधानमन्त्री ओलीलाई लक्षित गर्दै पुनले भने ।

**कर्पोरेट**

## मुक्तिनाथ विकास बैंकलाई लगातार पाँचौं पटक 'गोल्ड अवार्ड'




**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंकले लगातार पाँचौं पटक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)को 'गोल्ड अवार्ड' हात पारेको छ ।

आइक्यानले आर्थिक वर्ष २०७९/८० को उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुत गरेबापत मुक्तिनाथ विकास बैंकलाई उक्त अवार्डबाट सम्मान गरेको हो । यो पुरस्कारबाट मुक्तिनाथ बैंक आर्थिक वर्ष २०७५/७६ यता प्रत्येक वर्ष लगातार सम्मानित हुँदै आएको छ ।

संस्थाले हरेक वर्ष नेपाल वित्तीय प्रतिवेदन प्रणाली अन्तर्गत वित्तीय विवरण प्रकाशन गर्ने उत्कृष्ट संस्थाहरूलाई विभिन्न विधामा सम्मान प्रदान गर्दै आएको छ । विकास बैंक तथा अन्य वित्तीय कार्य गर्ने कम्पनीहरूमध्येबाट मुक्तिनाथ विकास बैंकले वित्तीय क्षेत्र विधाको सर्वोकृष्ट पुरस्कार पाएको हो । शनिबार आइक्यानले संस्थाको नवनिर्वाचित अध्यक्ष र उपाध्यक्षको शपथ ग्रहण समारोहमा उक्त पुरस्कार प्रदान गरेको थियो । समारोहमा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बैंकका कार्यकारी प्रमुख अधिकृत प्रद्युम्न पोखरेललाई पुरस्कार हस्तान्तरण गरेका थिए ।

## ग्लोबल आइएमई र इशान अस्पतालबीच समझदारी




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड र इशान बाल तथा महिला अस्पतालबीच स्वास्थ्य सेवामा छुट प्रदान गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ । सम्झौतासँगै बैंकका ग्राहकहरूलाई इशान अस्पतालमा उपलब्ध विभिन्न स्वास्थ्य सेवामा छुट प्राप्त गर्ने भएको छ । उक्त समझदारीपत्रमा बैंकका प्रमुख बजार अधिकृत दिलिप पोखरेल र अस्पतालका प्रमुख परिचालन अधिकृत श्रीराम पन्तले हस्ताक्षर गरे । उक्त अवसरमा अस्पतालका निर्देशक प्रा.डा. रामनन्दन पी. चौधरीको पनि उपस्थिति रहेको थियो ।

यस सम्झौता अनुसार अस्पतालले बैंकका डेबिट/क्रेडिट कार्ड एवं बैंकको मोबाइल एप (ग्लोबल स्मार्ट प्लस) प्रयोगकर्ताहरूलाई औषधि उपचारका लागि अस्पतालमा १० प्रतिशतसम्म छुट प्रदान गर्ने जानकारी दिइएको छ । अस्पतालले बैंकका ग्राहकहरूलाई अस्पतालको शयचा शुल्क, अस्पताल सेवाहरूः डायगोनेस्टिक, ओपिडीलगायतका सेवाहरूका साथै आकस्मिक सेवामासमेत १० प्रतिशतसम्मको छुट प्रदान गर्ने बैंकले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

## सुधार कार्ययोजना बनाउन उद्योगमन्त्रीले थाले १० दिने अभियान

**काठमाडौं (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले समग्र मन्त्रालयको सुधारका लागि कार्ययोजना बनाउन आइतबारदेखि सुझाव संकलन गर्न १० दिने छलफल अभियान थालेका छन् । उनले उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र सुधार कार्ययोजना तयारीसम्बन्धी अन्तरक्रियाको आइतबार पहिलो दिन निजी क्षेत्र तथा सरोकारवाला निकायका प्रमुख एवं प्रतिनिधिसँग छलफल गरेका हुन् । मन्त्रालयमा नै सञ्चालन हुने १० दिने अन्तरक्रियामा हरेक दिन विभिन्न क्षेत्रका व्यक्ति सहभागी हुने मन्त्री भण्डारीले जानकारी गराए । उनले कार्ययोजना निर्माण गरेर सोहीबमोजिम कार्य गर्ने बताए ।

एक महिनाभित्र परिणाम देखिने गरेर काम गर्नुपर्ने चुनौती रहेको उनको भनाइ छ । मन्त्री भण्डारीले प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनबमोजिम एक महिनामा परिणाम देखिने गरेर काम गर्नुपर्ने आफूसमक्ष चुनौती रहेको बताए ।

उद्योगमन्त्री भण्डारीका अनुसार यही साउन १५ गतेसम्म सञ्चालन हुने अन्तरक्रियामा निजी क्षेत्रका छाता संगठन, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत विभिन्न मन्त्रालयका प्रतिनिधि, राष्ट्रिय योजना आयोग, नीति अनुसन्धान प्रतिष्ठान, विभिन्न विश्वविद्यालयका प्रतिनिधि, विद्यार्थी संगठनका प्रतिनिधि, उपभोक्ता अधिकारकर्मी, पेसागत संगठनका प्रतिनिधि, सम्बन्धित वस्तुगत महासंघ, प्रत्यक्ष बिक्री सम्बद्ध प्रतिनिधि सहभागी रहने छन् ।

अन्तरक्रियामा संसदीय समिति, प्रमुख राजनीतिक दलका सम्बद्ध पदाधिकारी, राजनीतिक दलका उद्योग वाणिज्य तथा आपूर्ति क्षेत्र सम्बद्ध पदाधिकारी, प्रदेशका मुख्यमन्त्री एवं उद्योग तथा वाणिज्यमन्त्री, नगरपालिका र गाउँपालिका संघ, पूर्वमन्त्री, पूर्वसचिव तथा विषयविज्ञको सहभागिता रहने मन्त्री भण्डारीले बताए । सबै पक्षसँग छलफल सकेपछि पाँच दिनको समय लगाएर कार्ययोजना बनाइने उनको भनाइ छ ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले लगानीकर्तालाई बहुवर्षीय भिसा दिनुपर्ने, लगानीकर्तासँग समन्वय गर्ने संयन्त्र निर्माण गर्नुपर्ने, एकल बिन्दु सेवा केन्द्र सञ्चालन गर्नुपर्ने, १०० जनालाई रोजगारी दिने रोजगारदातालाई प्रोत्साहन गर्नुपर्ने, स्थानीय उत्पादन प्रयोग गर्ने बानीको विकास गर्नुपर्ने, 'स्टार्ट अप'लाई निरन्तरता दिनुपर्ने, हरेक प्रदेशमा 'इन्क्युबेसन' केन्द्र स्थापना र आयात प्रतिस्थापन गर्नुपर्नेलगायत सुझाव दिए ।

महासंघका उपाध्यक्ष अञ्जन श्रेष्ठले राजनीतिक स्थायित्व हुनुपर्ने, लगानीकर्ताका लागि नीतिगत स्पष्टता हुनुपर्ने, औद्योगिकीकरणको सोचको विकास हुनुपर्ने, सरकार राजस्व संकलनमा मात्र सीमित हुन नहुने, उद्योग मन्त्रालय उद्योगी व्यवसायीको अभिभावकको भूमिकामा रहँदै मजबुत हुनुपर्नेलगायत सुझाव राखे ।

कार्यक्रममा नेपाल उद्योग परिसंघका उपाध्यक्ष वीरेन्द्रराज पाण्डे, नेपाल घरेलु तथा साना उद्योग महासंघका तर्फबाट सूर्यबहादुर कँडेल, नेपाल महिला उद्यमी महासंघका अध्यक्ष शोभा ज्ञवाली, रबर उद्योगी उमेशलाल श्रेष्ठलगायत विभिन्न सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिले उद्यमीहरूलाई सीप विकासका लागि तालिम दिनुपर्ने, औद्योगिक नीतिमा समयसापेक्ष परिमार्जन गर्नुपर्ने, महिलाले उत्पादन गरेका वस्तुको बजारीकरणमा सहयोग गर्नुपर्ने जस्ता सुझाव मन्त्री भण्डारीसमक्ष राखे ।


## विज्ञापन दर/रेट सम्बन्धी सूचना !

**प्रभाव** राष्ट्रिय दैनिकमा आर्थिक वर्ष २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दररेट २०८१ साउन १ देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**ज्याकेट विज्ञापन रू. १५,००,०००/-**

**विज्ञापन दर/रेट**

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | रु.२४००/- | रु.२२००/- |
| भित्री पृष्ठ | रु.१६००/- | रु.१४००/- |
| अन्तिम पृष्ठ | रु.२०००/- | रु.१८००/- |

**वर्गीकृत डिस्प्ले**

| विवरण | रंगीन | श्यामश्वेत |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु.३,०००/- | रु.१५००/- |
| प्रतिशब्द | रु.३०/- | रु.२५/- |

*नोट : उपरोक्त दररेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन ।*

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं
फोन नं.०१–४३७३५७७, ४५८४३६८

E-mail : marketing2prabhab@gmail.com
website: www.prabhabonline.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक